मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष २ ● अंक ९४ ● २०८० साल फागुन ०८ गते मंगलबार ● Tuesday 20, February 2024 ● सूर्योदयः बिहान ६:३८ बजे ● सूर्यास्तः साँझ ६:०० बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## सवारी दुर्घटना रोक्न कानुन आवश्यकः नेपाल



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेकपा एकीकृत समाजवादी पार्टीका अध्यक्ष माधवकुमार नेपालले सवारी दुर्घटना रोक्न कानुनको आवश्यक रहेको औँल्याएका छन् । उनले कतिपय कानुन अभावमा समेत दुर्घटना रोक्न समस्या आइरहेको बताउदै कानुन निर्माणका साथै शिक्षासमेत आवश्यक रहेको बताए । उनले विद्यालयस्तरबाट नै सडक सुरक्षासम्बन्धी शिक्षा दिइनुपर्ने आवश्यकता रहेको बताए । समाजवादी इञ्जिनियरिङ एसोसिएसन नेपालले जनकपुरधाममा गरेको सडक सुरक्षासम्बन्धी अन्तरक्रियामा अध्यक्ष नेपालले सडकमा देखिएको खाल्डाखुल्डीले समेत समस्या आउने गरेको कारण सरोकारवाला मन्त्रालयले यस विषयमा तत्काल ध्यान पुर्याएर यात्रा गर्दा सर्वसधारण कसरी जोखिमबाट जोगिन सकिन्छ, त्यसतर्फ ध्यान दिनुपर्ने बताए । उनले सडक सुरक्षाको जिम्मेवारी सबै भन्दा बढी चालकको भएका कारण चालकलाई सडक सुरक्षाका विषयमा गम्भीर भएर लाग्न आग्रह गरे । उनले अहिलेको सडक विस्तारको योजना आवश्यकता भन्दा पनि नेताको निजी स्वार्थका कारण भएकाले सडक विस्तार आर्थिक समृद्धिसँग जोडिन नसकेको बताए । उनले भने, 'कुनै नेता मन्त्री बने उनको आसपासको सडक ६ लेनको बनाउनु सुरु हुन्छ, सडक निर्माण भएपछि यसले आर्थिक समृद्धिका लागि के हासिल गर्छ, त्योसमेत हेरिन्न, ध्यान जाँदैन ।'

अध्यक्ष नेपालले विकासको एउटा कडीका रुपमा सडक सञ्जाल रहेको बताउँदै सडक विस्तारलाई आर्थिक विकाससँग जोड्नु पर्नेमा जोड दिए । पूर्वमन्त्री एवम् प्रतिनिधि सभा सदस्य किसान श्रेष्ठले राजनीतिक नेतृत्वमा दृढ इच्छाशक्ति भए जस्तोसुकै काम गर्न सकिन्छ भन्दै हुलाकी राजमार्गको निर्माणमा ढिलाइ हुनु चिन्ताको विषय भएको बताए । प्राध्यापक डा. भोगेन्द्र झाले सडक पूर्वाधार निर्माण गर्दा त्यसले आर्थिक तथा सामाजिकरुपमा पार्ने प्रभावका विषयमा वृहत् छलफल गर्न जरुरी रहेको बताए । नेपाल इन्जिनियरिङ परिषद्का अध्यक्ष पदम बहादुर शाहीले बर्सेनि ३ हजार मान्छेको सवारी दुर्घटनामा मृत्यु हुने गरेको जानकारी दिँदै सडक निर्माण गर्दा सडक सुरक्षामा विशेष ध्यान दिन आवश्यक भएको बताए ।

कार्यक्रममा यातायात मन्त्रालयको एसियाली विकास बैंकको आयोजना हेर्ने शाखाका निर्देशक चुडा श्रेष्ठले समयमा सडक तथा पुलको काम नगर्ने धेरै निर्माण कम्पनी र व्यवसायी कालो सूचीमा परेको बताउँदै मधेश प्रदेशको हुलाकी सडकको काम चाँडै सकिने दाबी गरे ।

### सडकमा हिन्दू–मुस्लिमबीच द्वन्द्व
## स्थिति नियन्त्रणमा लिन वीरगंजमा कर्फ्यु

**मधेशदृष्टि**
**वीरगंज ।**
रौतहटमा मूर्ति बिसर्जनका विषयलाई लिएर पर्साको वीरगंज तनावग्रस्त देखिएपछि स्थानीय प्रशासनले कर्फ्युको सहारा लिनु परेको छ । सोमबार दिउँसो वीरगंजको बजार क्षेत्र तनावपूर्ण बनेपछि जिल्ला प्रशासन कार्यालय पर्साले आज साँझ ५ बजेदेखि अर्को सूचना जारी नभएसम्मका लागि वीरगंजमा अनिश्चितकालीन कर्फ्यू आदेश जारी गरेको छ ।

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालद्वारा अपरान्ह जारी कर्फ्यु आदेशमा फागुन ३ गते बिहीबार रौतहटको ईशनाथ नगरपालिकाको मोतीपुरमा दुई पक्षबीच विवाद र झडप भएको विषयलाई लिएर वीरगंजमा भएको विरोध जुलुशक्रममा विवाद र झडपको स्थिति उत्पन्न भएकाले कर्फ्यु लगाउनु परेको उल्लेख छ । विकसित घटनाक्रमे सर्वसाधारणको सुरक्षामा पर्न सक्ने सम्भावित जोखिम एवम् शान्ति भंग हुनसक्ने स्थिति देखिएकाले वीरगंज महानगरपालिका क्षेत्रभित्र कर्फ्यु आदेश जारी गरिएको हो । कर्फ्यु आदेश जारी भएको क्षेत्रमा आवतजावत, भेला, बाहिर हिँडडुल, जुलुस प्रदर्शन, घेराउ, र्‍याली, कुनै उच्श्रृङ्खल गतिविधि निषेध गरिएको छ ।

सोमबार साँझ ५ बजेदेखि अर्को आदेश नभएसम्मका लागि स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को क बमोजिम कर्फ्यु अदेश जारी गरिएको हो । आदेशको बर्खिलाफ भए कानुनबमोजिम कडा कारबाही हुने प्रशासनले जानकारी गराएको छ । कर्फ्यु आदेश वीरगंज महानगरपालिकाको पूर्वमा नगवा चोक, बारा जिल्लाको सिमानासम्म, पश्चिममा तिलावे पुल, उत्तरमा परवानीपुर पर्सा र दक्षिणमा मितेरी पुल भन्सार क्षेत्रसम्मको क्षेत्रभित्र जारी भएको पर्सा प्रशासनको सूचनामा उल्लेख छ ।

### के भएको थियो ?

सोमबार दिउँसो वीरगंजमा हिन्दुसम्बद्ध युवाले तरबारसहित जुलुश निकालेपछि त्यसलगत्तै छपकैयाबाट मुस्लिमसम्बद्ध युवाले समेत लठ्ठी, रड बोकेर जुलुस निकालेपछि स्थिति तनावग्रस्त बनेको हो ।

सडकमा दुवै समूह आएपछि वीरगंज बजार क्षेत्र तनावपूर्ण बनेको थियो । वीरगंजको मूलसडकलगायत बाइपास, रेल्वे रोडको विभिन्न स्थानमा टायर बालेर प्रदर्शन गरिएको थियो ।

वीरगंज रक्सौल आवतजावत पूर्णरुपमा ठप्प भएको थियो । स्थिति नियन्त्रणमा लिन वीरगंजको घण्टाघर, माइस्थान, आदर्शनगर, छपकैयालगायतका स्थानमा ठूलो संख्यामा नेपाल प्रहरी तथा सशस्त्र प्रहरी परिचालन गरिएको थियो ।

वीरगंजको छपकैयाबाट आएको मुस्लिम सुमदायका युवाको जुलुसलाई प्रहरीले बजार क्षेत्र भित्र प्रवेशमा रोक लगाएपछि केहीबेर झडप भएको थियो ।

स्थानीय प्रहरी प्रशासनले स्थिति नियन्त्रणमा लिन दिनभर प्रयास गरेको थियो ।

## कर्फ्युबीचमै मूर्ति बिसर्जन

**सञ्जय मिश्रा**
**रौतहट ।**
ईशनाथ नगरपालिकामा चारदिनदेखि थन्किएको सरस्वतीको मूर्ति कर्फ्यु अवधिभित्रै बिसर्जन गरिएको छ । मधेश प्रदेश प्रहरी प्रमुख डिआयजी यज्ञबिनोद पोखरेलको सक्रियतामा जिल्ला समन्वय समितिको सभाकक्षमा सोमबार बसेको सर्वदलीय सर्वपक्षीय बैठकको निर्णयअनुसार पुरानै सहमतिमा मूर्ति बिसर्जन गरिएको हो ।



ईशनाथ–७ घिउरा गाउँ विद्यालय छेउको सार्वजनिक पोखरीमा यसअघि भएको सहमतिअनुसार मूर्ति सेलाइएको जिल्ला प्रहरी प्रवक्ता डिएसपी एलिजा गिरीले बताइन् । सिडिओ हीरालाल रेग्मीको अध्यक्षतामा सोमबार जिल्ला समन्वय समिति सभाकक्षमा बसेको बैठकमा डिआइजी पोखरेल, सशत्र प्रहरीका डिआइजी दीपेन्द्र साह, राष्ट्रिय अनुसन्धानका डिआइजी सञ्जय यादव, प्रायः सम्पूर्ण राजनीतिक दलका प्रतिनिधिको सहभागिता थियो ।

बैठकलगत्तै संघीय सांसद किरण कुमार साह, जिल्ला समन्वय समितिका सभापति रामअयोध्या यादव, तीनैजना डिआइजी, पार्टी प्रतिनिधि सम्मिलित टोली स्थलगत पुगेर चार दिनदेखि थन्किएको मूर्ति बिसर्जन गरिएको हो । यसअघि संघीय सांसद साहको पहल तथा सिडिओ रेग्मीको अध्यक्षतामा ईशनाथ–७ घिउरा गाउँमा डिजे बाजासहित ट्र्याक्टर साविक बाटो हुँदै लैजाने र सरस्वतीको मूर्ति अर्को बाटो हुँदै गाउँ छेउ विद्यालय नजिकैको सार्वजनिक पोखरीमा बिसर्जन गर्न लैजाने सहमति भएको थियो । सोही निर्णयअनुसार मूर्ति बिसर्जन गरिएको छ ।

शनिबार भएको सहमतिअनुसार सरस्वतीको मूर्ति सेलाउन लैजाने समूहमाथि घिउरामा मुस्लिम समुदायले घरको छतबाट ढुङ्गा हान्दा स्थानीय कार्तिकेश ठाकुरलगायतका घाइते भएका थिए ।

स्थिति नियन्त्रणमा लिन सिडिओ हीरालाल रेग्मीले सूचना जारी गर्दै शनिबार साँझ ५ बजेदेखि लागू हुनेगरी कर्फ्यु आदेश जारी गरेका थिए । कर्फ्यु अवधिमै उच्श्रृंखल गतिविधि भएपछि स्थानीय प्रशासनले आइतबार कर्फ्यु जारी राखेको थियो । कर्फ्यु जारीसँगै प्रहरी, सशस्त्र प्रहरसहित सातसय सुरक्षाकर्मी परिचालन गरिएको छ । सिडिओ रेग्मीले आइतबार सूचना जारी गर्दै ईशनाथ नगरपालिका वडा २, ३, ४, ५, ६ र ७ मा अनिश्चितकालीन कर्फ्यु जारी राखेका छन् ।

संसदीय निर्वाचन क्षेत्र २ मा पछिलो समय हिन्दू समुदायले गर्ने धार्मिक अनुष्ठानमा अनेक प्रकारले हस्तक्षेप हुँदै आएको स्थानीयले बताए । यसैबीच, सांसद किरण कुमार साहले पुरानो सहमति विपरीत गरेको माथि कारबाही र आक्रमणमा भएको क्षतिको यकिन गरी क्षतिपूर्ति दिन आग्रह गरेका छन् ।




शीतलहर तथा चिसोबाट बच्ने उपायहरु

**प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

- गोडामाथिदेखि नै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोर-दोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्यसम्बन्धी कुनै समस्या आइपरेमा, ज्वरो आएमा, झाडापखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार-घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्युसमेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

**छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।**

लक्ष्मीनियाँ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## जिबी राईले छोरा नेपाल फर्काए



**मधेशदृष्टि**
**वीरगंज ।**
सर्वसाधारणको करोडौँ रुपैयाँ उठाएर हिनामिना गरेपछि संकटग्रस्त रहेको सानो पाइला सहकारी संस्थाका संस्थापक गितेन्द्रबाबु (जिबी) राई भारत र मलेसियामा रहेर सहकारी र टेलिभिजनका खास मान्छेको सम्पर्कमा रहेको पाइएको छ । सर्वसाधारणले सहकारी संस्थामा जम्मा गरेको अर्ब्बौँ रुपैयाँ कुम्ल्याएर फरार गोरखा नेटवर्क प्रालिका अध्यक्ष राईको पछिल्लो अवस्थाबारे प्रहरीले लोकेशन ट्र्याक गरिसकेको भए पनि एकै ठाउँमा नबसेर भारत र मलेसिया आउजाउ चलिरहेकाले केही बताएको छैन । अन्तर्राष्ट्रिय प्रहरी संगठन इन्टरपोलको सहयोगमा डिफ्युजन नोटिस जारी गरिएको दुई साता बितेको छ ।

पछिल्लो समय जिबीको उपस्थिति भारत र मलेसियामा देखिएको छ । उनी विभिन्न समस्याग्रस्त सहकारी र गोरखा नेटवर्क प्रालि (ग्यालेक्सी फोरके टेलिभिजन) का खास मान्छेसँग गोप्य सम्पर्कमा रहेको स्रोतको दाबी छ । सहकारीको रकम हिनामिनामा जिबीसहित रवि लामिछानेको नाम सार्वजनिक भएपछि उनी मलेसिया पुगेको सार्वजनिक भएको थियो ।

यता, उनले ललितपुरको खुमलटारस्थित प्रिमियर इन्टरनेशनल स्कुलबाट निकालेर मलेसियाको क्वालालम्पुरस्थित विद्यालयमा पढाइरहेका छोरालाई नेपालमै फिर्ता ल्याएका छन् । इन्टरपोलको डिफ्युजन नोटिस जारी भएपछि मलेसियाको प्रिमियर स्कुलमा पढिरहेका छोरालाई उनले फर्काएको बताइएको छ । अघिल्लो वर्षदेखि नै प्रहरी खोजीमा रहेका राईले छोरालाई ललितपुरबाट मलेसिया पुर्याएका थिए । कुनै पनि बेला राई पक्राउ पर्दा छोराको बिचल्ली हुने डरले फिर्ता गरेको स्रोतको दाबी छ ।

राई, संस्थापक नै रहेको कालिमाटीस्थित स्वर्णलक्ष्मी सहकारीका बचतकर्ता पनि समस्यमा परेका छन् । सहकारीका व्यवस्थापक नवीन अछामी फरार भएका छन् । नवीनसँगै जिबी राई पनि स्वर्णलक्ष्मी डुबाउनेमध्येका हुन् । उनीहरुको समूहका अर्का पार्टनर कुमार रम्तेल जेलमा छन् । नवीन भने पोखरा आसपासको क्षेत्रमा लुकेर बसेको दाबी गरिएको छ ।

कुमारकी श्रीमती कविता नेचर हर्बस् कम्पनीमा प्रबन्ध निर्देशक थिइन् । फरार कविताले समेत नवीन पोखरामा लुकेर बसेको बताउने गरेको स्रोतको दाबी छ । 'नवीन पक्राउ परे जिबी कहाँ छन् भन्ने मात्रै होइन फेला पर्ने निश्चित छ,' स्रोतले भन्यो, 'त्यसपछि रविसँगको कारोबार र सहकारी डामाडोलको वास्तविकता खुल्न सक्छ ।'

नेचर हर्बस् रहेको घरमा प्रहरीले अघिल्लो साता छापा मारेको थियो । नेपाल प्रहरीका पूर्व डिआइजी छविलाल जोशीसँग सम्झौता गरेर समूहले घर भाडामा लिएको थियो । शंखमूलस्थित घरमा चार वर्षदेखि कम्पनीको बोर्ड थियो । प्रहरी अनुसन्धानमा जिबीको योजनाबमोजिम डुबाइएका सहकारी संस्थाको हार्ड डिस्क त्यहाँ राखिएको खुलेको छ । नेचर हर्बस्मा सबैभन्दा धेरै जिबीकै हालिमुहाली थियो । पोखराको सूर्यदर्शन सहकारी ठगीमा जेल परेका रम्तेलकी श्रीमती कविता त्यसपछि फरार छिन् । रम्तेल, जिबी, रवि र जोशी घनिष्ट पार्टनर हुन् । रविको ठगीधन्दाबारे जानकारी पाएलगत्तै जोशी भने समूह छाडेर अलग्गै बस्न थालेका हुन् । यता, गृहस्रोतले राईको लोकेसन लगभग ट्र्याक भइसकेको र छिट्टै पक्राउ पर्ने बताएको छ । स्रोतले भन्यो, 'राई छिट्टै समातिन्छन्, उनको बयानका आधारमा रवि लामिछानेको संलग्नताबारे थप खुल्नेछ ।'

# कांग्रेसले आफ्नो इतिहास गुमायोः भट्टराई



**मधेशदृष्टि**
**रौतहट ।**
नेकपा एमालेका सचिव योगेश भट्टराईले नेपाली कांग्रेसले आफ्नो इतिहास गुमाई सकेको बताएका छन् । रौतहटको गरुडामा सोमबार आयोजित नेकपा एमालेको १० औं जिल्ला अधिवेशनबाट निर्वाचित पदाधिकारी तथा सदस्यहरुको सपथ ग्रहण कार्यक्रमा सचिव भट्टराईले कांग्रेसले आफ्नो सिद्धान्तलाई पाखा लगाएर पार्टी नीतिलाई संकटमा पारेर बताए । विचार नमिल्ने माओवादी तथा मधेशवादी दलसँग गठबन्धन गरेर कांग्रेसले आफ्नो अस्तित्व समाप्त पारेको उनको भनाई थियो ।
चुनाव पछि सरकार बनाउन गठबन्धन गर्नु स्वभाविक हो तर एमालेलाइ सिध्याउने कसम खाएर सिद्धान्त नमिल्नेसँग गठबन्धन गर्नु राम्रो नभएको उनको टिप्पणी थियो । नेकपा एमाले पार्टी सबैको पार्टी भएको बताउदै सचिव भट्टराईले अब संगठनलाइ अझ बलियो बनाउन फिल्डमा खट्न कार्यकर्ताहरुलाई आग्रह गरे ।
मौलापुर नगरपालिकाको मेयरलाइ ईङ्गित गदै सचिव भट्टराइले भने, 'एमालेबाट चुनाव जितेका जनप्रतिनिधिहरु अलग पार्टीमा क्रियाशिल छन् । त्यो सर्वोच्च अदालतले देखेन सर्वोच्चको आँखा यहाँसम्म पुगेको छैन राजनीतिक दल सम्बन्धी ऐनमा कुनै पनि दलको चुनाव चिन्ह लिएर जितेका जनप्रतिनिधि अर्को दलमा जान्छ भने सो पद स्वतः जान्छ, पार्टीलाइ कमजोर बनाउदा लोकतन्त्र कमजोर हुन्छ ।' चुनावमा पार्टीलाई प्रयोग गर्ने, पार्टीबाट सार्वजनिक पद धारण गर्ने अनि अर्को पार्टीमा सक्रिय हुनेको पद खारेज गर्नुपर्ने भट्टराईको भनाइ थियो । कार्यक्रममा नेकपा एमालेका पोलिटब्यूरो सदस्य तथा रौतहट इन्चार्ज पुरुषोत्तम पौडेलले अब रौतहटमा नेकपा एमाले पहिलो नम्बरको पार्टी बन्ने ठोकुवा गरे ।

# महासमिति बैठकले पार्टीलाई थप एकतावद्ध बनाउँछः देउवा



**रासस**
**ललितपुर ।**
नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले महासमिति बैठकले पार्टीलाई थप सबल, सुदृढ र एकतावद्ध बनाएर लैजानेमा विश्वास व्यक्त गरेका छन् । पार्टीको सोमबारदेखि ललितपुरको गोदावरीस्थित सनराइज सम्मेलन केन्द्रमा भएको महासमिति बैठकमा उनले यस महासमिति बैठकलाई देश र विदेशलेसमेत उत्सुकतापूर्वक हेरेको उल्लेख गर्दै बैठकले कांग्रेसलाई थप, सबल, सुदृढ र एकताबद्ध बनाएर लैजाने बताए । उनले पार्टीमा निरन्तर क्रियाशील रही लोकतन्त्र स्थापना, पुनःस्थापना र रक्षाका लागि जेलनेल, निर्वासन, सर्वश्वहरणलगायतका दुःखकष्ट सहेर पार्टीलाई सुदृढ बनाउन प्रयत्नशील रहेका सबै नेता तथा कार्यकर्ताको उच्च सम्मान व्यक्त गरे ।
सभापति देउवाले १४औँ महाधिवेशनमा समय अभावका कारण नीतिगत विषयमा दस्तावेज प्रस्तुत गरी छलफल गर्न नपाइएको भन्दै यस महासमिति बैठकले पार्टीका नीतिगत विषयमा छलफल गरी बैठकमा प्राप्त सुझावलाई समेटेर दस्तावेज तयार गर्ने बताए । 'कांग्रेसले देशमा लोकतन्त्र स्थापना पुनःस्थापना र संरक्षणका लागि लामो सङ्घर्ष गरेको इतिहास छ, मुलुकमा जहिले सङ्कट पर्छ, त्यतिबेला काङ्ग्रेसले नेतृत्व गरेर समाधान दिएको छ, लोकतान्त्रिक मूल्य मान्यतासँग कहिल्यै सम्झौता नगर्ने दृढताका कारणले नै यो पार्टी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय जगतमा पहिचान बनाउन सफल भएको हो' उनले भने ।
पूर्वप्रधानमन्त्री समेत रहेका सभापति देउवाले संविधानले बहुलवादमा आधारित बहुदलीय प्रतिस्पर्धात्मक सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय शासन प्रणाली सुनिश्चित गरेको भन्दै यो शासकीयस्वरुप नेपाली कांग्रेसको मान्यताअनुकुल रहेको स्पष्ट पारे । उनले संविधानको रक्षा र सार्थक कार्यान्वयन गर्नु आजको मुख्य एजेण्डा रहेको बताए । सभापति देउवाले अहिले मुलुकमा गठबन्धनको अभ्यास भइरहेको बताँदै सरकार निर्माणका लागि मात्रै गठबन्धन बनेको नभइ केही समय पहिले प्रतिनिधिसभालाई विघटन गर्ने मुलुकमा राजनीतिक अस्थिरता ल्याउने र संविधानलाई जोखिममा पार्ने गतिविधिकाविरुद्ध एकाकार भएर मुलुकलाई सम्बृद्धिको दिशामा अगाडि बढाउन खोजिएको उल्लेख गरे । उनले कांग्रेस सदैव संवाद, सहमति र सहकार्यको नीतिमा रहेको बताउँदै राजनीतिक दलबीच हुने प्रतिस्पर्धा स्वभाविक भएको बताए । देशको सार्वभौमिकता, अखण्डता, लोकतन्त्र, विकास, परराष्ट्र नीति र शान्ति प्रक्रियाका बाँकी कामलाई टुङ्ग्याउने विषयमा सबै राजनीतिक दलहरुको साझा धारणा हुनुपर्ने उनको भनाइ छ ।

# विद्यालय शिक्षा विधेयक परिमार्जनसहित पारित हुन्छः प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सङ्घीय संसदमा विचाराधीन 'विद्यालय शिक्षा विधेयक' परिमार्जन गरी पारित हुने बताएका छन् । समाजवादी शैक्षिक मञ्चले सोमबार यहाँ आयोजना गरेको 'नेपालको शैक्षिक आन्दोलन र विद्यालय शिक्षा विधेयक' विषयक कार्यशालामा प्रधानमन्त्रीले सो विधेयकलाई परिमार्जन गरी समृद्ध बनाइने उल्लेख गरे । प्रधानमन्त्रीले संसदमा विचाराधीन विधेयकबारे गठबन्धन दल र प्रतिपक्षीसँग समेत छलफल गरिएको जानकारी गराउँदै संसदमा दर्ता भएका संशोधन प्रस्तावका आधारमा विधेयक संशोधन हुने बताए ।
प्रधानमन्त्री दाहालले भने, 'विधेयक संसदमा विचाराधीन रहेकाले शिक्षक–कर्मचारी, शैक्षिक क्षेत्रका ट्रेड यूनियनहरू, शिक्षाविद्, विद्यार्थीसम्वद्ध सङ्घ–सङ्स्थाहरू, सरोकार पक्ष र अभिभावकका समेत सुझावहरू समेटेर यसमाथि आवश्यक संशोधन गर्न सरकार सचेत छ । यसबारे मैले गठबन्धनमा पनि कुरा गरेको छु ।
प्रतिपक्षसँग पनि कुरा भएको छ । छिट्टै हामी निष्कर्षमा पुग्छौँ ।'
प्रधानमन्त्रीले विद्यालय कर्मचारी र बालशिक्षाका शिक्षकहरूको मुद्दा र विगतमा गरिएका सहमति कार्यान्वयनको विषयलाई आफूले गम्भीरतापूर्वक लिएको बताए । उनले भने, 'विद्यालय कर्मचारी र बालशिक्षाका शिक्षकको मुद्दा पनि महत्वपूर्ण छ । यसलाई सम्बोधन गर्नेमा सरकार सचेत छ । शिक्षकसम्बद्ध सङ्गठनहरू र सरोकार पक्षसँग विगतमा विभिन्न चरणमा राज्यले गरेका सहमति र सम्झौताहरू कार्यान्वयन गर्न सरकार प्रतिवद्ध छ ।'
प्रधानमन्त्री दाहालले बौद्धिक जनशक्तिको पलायनलाई रोक्न देशभित्रै सम्भव छ भन्ने सकारात्मक भाष्यको निर्माण गर्न जरूरी रहेको बताए । उनले बौद्धिक पलायनलाई रोक्न विश्वबजारमा प्रतिस्पर्धी र गुणस्तरीय जनशक्ति उत्पादन गर्ने कार्यभारलाई केन्द्रमा राखेर काम गर्नुपर्नेमा जोड दिए । उनले भने, 'आजको हाम्रो प्रमुख बहस भयावह रुपमा देखापरेको बौद्धिक पलायनलाई रोक्न विश्वबजारमा प्रतिस्पर्धी र गुणस्तरीय जनशक्ति उत्पादन गर्नु हो । त्यसका निम्ति आम नागरिकमा 'देशभित्रै सम्भव छ' भन्ने सकारात्मक भाष्य निर्माण गर्न आवश्यक छ । गुणस्तरीय, प्रतिस्पर्धी, नवप्रवर्तनमुखी शिक्षाको विकासमा गुणात्मक प्रगति हासिल गर्ने आधार र उपायहरूको खोजी गर्नु हाम्रो महत्वपूर्ण कार्यभार हो ।'
प्रधानमन्त्री दाहालले शैक्षिक क्षेत्रमा गुणात्मक सुधार ल्याउन विश्वविद्यालयहरूमा दण्ड–पुरस्कार र मेरिटोक्रेसीमा जोड दिइएको दाबी गरे । प्रधानमन्त्रीले भने, 'मैले विश्वविद्यालयलगायत शैक्षिक संस्थाहरूमा 'मेरिटोक्रेसी'का आधारमा नियुक्ति गर्ने, शैक्षिक क्षेत्रमा दण्ड र पुरस्कारको व्यवस्था गर्ने घोषणा गरेको छु, त्यसको कार्यान्वयन पनि हुँदैछ । यसले राजनीतिक तथा शैक्षिक नेतृत्वप्रति आम नागरिक र विद्यार्थीको विश्वास पुनर्जागृत हुने मैले अपेक्षा गरेको छु ।' कार्यक्रममा नेकपा (एकीकृत समाजवादी) का उपाध्यक्ष राजेन्द्र पाण्डेलगायतका वक्ताहरूले मञ्च समाजवादउन्मुख शिक्षाको बहसमा केन्द्रित हुनुपर्ने बताए ।

# वडाध्यक्षदेखि मन्त्रीसम्मको सम्पत्ति छानबिन गरिनुपर्छः गुरुङ



**रासस**
**काठमाडौँ ।**
नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले पार्टीको महाधिवेशनबाट गरेको सङ्कल्पअनुसार महासमिति बैठकलाई 'नीति अधिवेशन'का रुपमा गर्न लागिएको बताएका छन् । उनले बैठकमा उपसभापति पूर्णबहादुर खड्काले नीतिसम्बन्धी प्रस्ताव, महामन्त्री गगनकुमार थापाले साङ्गठनिक प्रस्ताव र अर्का महामन्त्री विश्वप्रकाश शर्माले समसामयिक प्रस्तावको बारेमा प्रस्ताव पेश गर्ने जानकारी दिए । सोमबारदेखि ललितपुरको गोदावरीमा सुरु भएको महासमिति बैठकबारे जानकारी दिँदै उपसभापति गुरुङले उपसभापति खड्का तथा महामन्त्रीद्वय थापा र शर्माले राखेको प्रस्तावलाई चार समूहमा छलफल गरिने बताए । उनले महासमिति बैठकले अगाडि बढाएको प्रस्तावले नेपाली कांग्रेसलाई अगाडि बढाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।
कानून, न्याय तथा संसदीय मामिलामन्त्री समेत रहनुभएका उपसभापति गुरुङले पार्टीको हरेक तहको कार्यसमितिलाई नीति र विधिमा बाँध्न महासमिति बैठकबाट सहयोग पुग्ने विश्वास व्यक्त गरे ।
प्रजातान्त्रिक समाजवादको बहस गर्दैगर्दा उठ्न नसकेको तप्कालाई उठाउने विधिका बारेमा पनि महासमिति बैठकमा छलफल भई मार्गनिर्देश हुने उपसभापति गुरुङको भनाइ थियो ।
'भ्रष्टाचार कायम रहेसम्म आर्थिक सुशासन कायम गर्न सकिँदैन, यसका लागि महासमिति बैठकले पनि उपयुक्त निर्णय गर्नेछ' उनले भने । बैठकले केन्द्रीय समितिले गरेका गल्ती कमजोरीलाई पनि सच्याउन मार्गनिर्देशन गर्ने र आगामी दिनमा उचित निर्णय गर्न सुझाव दिने उपसभापति गुरुङले बताए ।
हामी कोही पनि जनताका मालिक होइनौँ, सेवक हौँ भन्ने अनूभूति जनतालाई दिने गरी पार्टी अगाडि बढ्नुपर्ने उनको भनाइ थियो । '१५औँ महाधिवेशन कहिले हुनसक्छ भन्ने पार्टी पंक्तिभित्र चासो हुन सक्छ, हामीले यसलाई मात्र होइन, जनतालाई छुने गरी निर्णय गर्न सक्नुपर्छ', उपसभापति गुरुङले भने । सुशासन र आर्थिक पारदर्शिता कायम गर्नका लागि वडाध्यक्षदेखि मन्त्री पदमा रहेकासम्मको सम्पत्ति छानबिन गर्ने प्रस्ताव महासमिति बैठकले पारित गर्नुपर्नेमा उनले जोड दिए । पार्टीकी सहमहामन्त्री महालक्ष्मी उपाध्यायले महासमिति बैठकले पार्टीभित्र दुःख गरेका कार्यकर्तालाई न्याय पाउने व्यवस्था गरिनुुपर्नेमा जोड दिइन् । उनले जनतालाई सेवामूलक काममा लगाउनुपर्ने उल्लेख गरिन् । कांग्रेसको नेतृत्वमा निर्माण भएको संविधानको संरक्षणमा कांग्रेस लाग्नुपर्ने सहमहामन्त्री उपाध्यायको भनाइ थियो ।

# एमाले केन्द्रीय कमिटी बैठक आजदेखि



**मधेशदृष्टि**
**काठमाडौँ ।**
प्रमुख प्रतिपक्षी दल नेकपा एमालेको केन्द्रीय कमिटी बैठक आज (मंगलबारदेखि) सुरु हुँदैछ ।
मंगलबारदेखि केन्द्रीय कार्यालय च्यासलमा सुरु हुने केन्द्रीय कमिटी बैठकमा पेश हुने एजेण्डा सोमबार नै भएका छन् । यही फागुन १० गतेसम्म चल्ने केन्द्रीय कमिटी बैठकका लागि सचिवालयमा छलफल गरेर ६ वटा एजेण्डा तय गरेको हो । तत्कालीन राजनीतिक कार्यक्रमदेखि संगठन शुद्धिकरणसम्मका एजेण्डा तय भएको एमालेले जनाएको छ । विकसित राजनीतिक परिस्थितिबारे जानकारी दिनेगरी अध्यक्ष केपी शर्मा ओलीले गर्ने सम्बोधनलाई केन्द्रीय कमिटीको पहिलो एजेण्डामा राखिएको छ । त्यसबाहेक छलफल हुने एजेण्डा भने महासचिव शंकर पोखरेलले पेश गर्नेछन् ।
दोस्रो एजेण्डामा समग्र सांगठानिक कामको समीक्षा, तेस्रोमा संगठन शुद्धीकरण र सुदृढीकरणको अवधारणा, चौथोमा जनआधारित पार्टी निर्माणमा देखिएको समस्या र समाधानबारे छलफल हुनेछ ।
पाँचौं एजेण्डामा जनदबाव र जनपरिचालन सम्बन्धी कार्यक्रममाथि छलफल गरिएको छ । त्यस्तै, सरकारको कामको समीक्षा, जनताका समस्या र एमालेले निर्वाह गर्नुपर्ने भूमिकाका बारेमा पनि छलफल हुने बताइएको छ । त्यसबाहेक अन्य विषयलाई विविधमा राखिएको छ ।



# जिल्लाका तीन सुरक्षा निकाय प्रमुख एकैपटक हाजिर

**मधेशदृष्टि**
**सर्लाही ।**
जिल्ला प्रहरी कार्यालय सर्लाहीमा प्रहरी प्रमुखको रुपमा प्रहरी उपरीक्षक दयानिधी ज्ञवाली हाजिर भएका छन् । विगत करिब चार महिना पहिला काजमा सर्लाही आएका प्रहरी उपरीक्षक प्रवीण धितालको केही दिन पहिला कार्ज फिर्ता भए पछि प्रहरी प्रधान कार्यालयले ज्ञवालीको दरबन्दी सर्लाहीमा गरेको हो । काठमाडौँ उपत्यका प्रहरी कार्यालय इन्टलिजेन्स शाखाबाट प्रहरी उपरीक्षक ज्ञवाली सोमबार साँझ सर्लाही प्रहरीको कमाण्ड सम्हाल्न हाजिर भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक दिपेन्द्र पञ्जियार थारुले जानकारी दिए । त्यसैगरी, सशस्त्र प्रहरी वल नेपाल नम्बर १० हे.क्वा.गणा सर्लाहीका गणपति एवम् सशस्त्र प्रहरी उपरीक्षक तुल बहादुर भण्डारीको पनि सरुवा भएको र उनको ठाउँमा सशस्त्र प्रहरी उपरीक्षक विनोद राज खनाल आएका छन् भने राष्ट्रिय अनुसन्धान आयोगका अनुसन्धान उपनिर्देशक सन्तोष ढुंगेलको पनि सरुवा भई उनको ठाउँमा अनुसन्धान उपनिर्देशक देवराज लिम्बु पनि हाजिर भएका छन् ।

जिल्लाका तीन सुरक्षा निकायका प्रमुखहरु एकै पटक सरुवा भई नयाँ आएपछि नेपाल भारत सीमानाकाहरुबाट हुने तस्करी तथा भन्सार छलीका साथै जिल्लाको शान्ति सुरक्षामा आमूल सुधारात्मक परिवर्तन हुने अपेक्षा गरिएको छ ।





**मट्काको मज्जा :** सर्लाही सदरमुकाम मलङ्गवा–१० स्थित चिया पसलमा मट्का चिया तयार गर्दै व्यापारी । आधुनिकतापछि हराउँदै गएको माटोको भाँडोमा (मट्का) चिया खाने चलन पछिल्लो समय बढ्दै गएको छ । तस्बिरः विश्वनाथ ठाकुर/रासस

# ५ सय ४२ किलो गाँजा बरामद



**मधेशदृष्टि**
**वीरगंज ।**
चितवन प्रहरीले ५ सय ४२ किलो गाँजा बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालयका प्रमुख एसपी रामेश्वर कार्कीले पूर्वी चितवनको झुरझुरेबाट ३० वटा पोकामा राखेर लुकाइएको गाँजा बरामद गरिएको जानकारी दिए । चितवनको राप्ती नगरपालिका वडा नम्बर ३ स्थित पूर्व–पश्चिम राजमार्गको झुरझुरेमा सडक छेउमा ना ३ ख ६१२२ नम्बरको ट्रक र ना ३ ख ७२४० नम्बरको डिब्बा ट्रकमा लुकाइएको गाँजा प्रहरी निरीक्षक श्याममणि पोखरेलको कमाण्डमा खटिएको प्रहरी गस्ती टोलीले चेकजाँच गर्दा बरामद गरेको थियो ।

शंकास्पद अवस्थामा रोकिराखेको देखेपछि दुबै ट्रकको चेकजाँच गर्दा ठूलो परिमाणमा गाँजा भेटिएको एसपी कार्कीले बताए । उनका अनुसार सिसाका बोतल बोक्ने ट्रकले धादिङको मलेखुबाट लोड गरेर ल्याएको गाँजा झुरझुरेमा डिब्बा ट्रकमा पल्टी गरिएको थियो ।

बरामद भएको गाँजा धादिङ, मकवानपुर र चितवनका पहाडी क्षेत्रमा उत्पादन गरिएको हुनसक्ने कार्कीले बताए । प्रहरीले डिब्बा ट्रकका चालक धनकुटा छथर जोरपाटे–३ का ३२ वर्षका रमेशनाथ दाहाल र अर्को ट्रकमा सवार कपिलवस्तु बुद्धभूमि–४ का २५ वर्षीय खुशीराम थारूलाई पक्राउ गरेको छ । ट्रकका चालक फरार छन् ।

# वृहत शैक्षिक तथा सांस्कृतिक महोत्सव हुने

**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिकाले वृहत शैक्षिक तथा सांस्कृतिक महोत्सव आयोजना गर्ने भएको छ । सामुदायिक विद्यालयहरुको शैक्षिक र भौतिक गुणस्तरमा उल्लेख्य सुधार गरेको बागमती नगरपालिकाले फागुन १२ गते शनिबार वृहत शैक्षिक तथा सांस्कृतिक महोत्सव आयोजना गर्न लागेको बागमती नगरपालिकाको शिक्षा शाखा प्रमुख मिन प्रसाद उपाध्यायले जानकारी दिए । उनका अनुसार बागमती नगरपालिका ११ स्थित स्व.सन्तोष श्रेष्ठ स्मृति खेल मैदानमा फागुन १२ नेकपा(माओवादी केन्द्र)का अध्यक्ष एवम प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड)ले वृहत शैक्षिक तथा सांस्कृतिक महोत्सवको उद्घघाटन गर्ने भएका छन् ।

'शिक्षा, स्वास्थ्य, रोजगार, त्यसैका लागि पूर्वाधार' भन्ने मूल नार सहित सामुदायिक विद्यालयहरुको रुपान्तरण अभियान अन्तर्गत बागमती नगरपालिकाले वृहत शैक्षिक तथा सांस्कृतिक महोत्सव आयोजना गर्ने लागेको बागमती नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत हिरालाल पुरीले जानकारी दिए ।

उनका अनुसार समुदाय र अभिभावकको अपनत्वमा सामुदायिक विद्यालय रुपान्तरण गर्ने ऐतिहासिक आन्दोलन हुने र नेपालमै पहिलो पटक सामुदायिक विद्यालयका तीन हजार भन्दा बढी विद्यार्थीहरुको सहभागितामा एकै पटक सामूहिक नृत्य प्रस्तुत समेत गर्ने तयारी भएको छ । समुदायलाई विद्यालयसँग जोड्ने प्रयत्न स्वरूप १०औँ हजार अभिभावकको आ–आफ्नो सांस्कृतिक भेषभुषामा झाँकी सहितको प्रस्तुती, हरेक विद्यालय, टोल र वडाबाट आ–आफ्नो सांस्कृतिक पहिचानको पोशाक तथा नाचगानसँगै 'हामी सुधार गर्छौं, हाम्रो विद्यालय' जस्ता नारासहित अभिभावक उपस्थित रहने बागमती नगरपालिकाको शिक्षा शाखाका ओम बहादुर कार्कीले जानकारी दिए । विभिन्न राष्ट्रिय कलाकारहरुको प्रस्तुति समेत रहने भएकाले वृहत शैक्षिक तथा सांस्कृतिक महोत्सवमा उपस्थित हुन पनि नगरपालिकाको शिक्षा शाखाले आग्रह गरेको छ ।

# पर्सालाई पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिने

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्सा जिल्लालाई आगामी जेष्ठ ३ गते औपचारिक रुपमा पूर्ण खोपयुक्त जिल्ला घोषणा गरिने भएको छ । स्वास्थ्य कार्यालय पर्साले आइतबार वीरगन्जमा आयोजना गरेको पूर्ण खोप तथा दिगोपना सम्बन्धमा सरोकारवालासँग अन्तक्रिया कार्यक्रममा यस्तो सहमति भएको हो । कार्यालयका खोप अधिकृत जयमोद ठाकुरले गत साता कालिकामाई गाउँपालिकालाई पूर्ण खोपयुक्त पालिका घोषणा गरिएसँगै जिल्लाका १४ वटै पालिका पूर्ण खोपयुक्त घोषणा भएकाले अब जिल्लालाई नै पूर्ण खोप जिल्ला घोषणा गर्ने बाटो खुलेको बताए । तर, त्यसका लागि वैशाखमा संचालन हुने अन्य खोप अभियानहरुलाई
सफलतापूर्वक सम्पन्न गरेर मात्र विधिवत रुपमा पूर्ण खोप जिल्ला घोषणा गर्नु उपयुक्त हुने उनको भनाई छ । मधेश प्रदेशका आठ मध्ये चार जिल्ला पूर्ण खोपयुक्त जिल्ला घोषणा भइसकेको भन्दै ठाकुरले अब



पर्सा, रौतहट, धनुषा र महोत्तरी जिल्ला मात्र पूर्ण खोपयुक्त जिल्ला घोषणा हुन बाँकी रहेको जानकारी दिए । कार्यक्रममा पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुषालले सरकारले आउँदो असार मसान्तसम्म देशलाई पूर्ण खोपयुक्त राष्ट्र घोषणा गर्ने लक्ष्यका साथ काम गरी रहेको र यसै सन्दर्भमा पर्सा जिल्लाले ५ महिना अघिनै सफलता पाउनु सराहनीय भएको बताए । युनिसेफ नेपालकी प्रतिनिधि विक्की प्रसाई र विश्व स्वास्थ्य संगठन नेपालका प्रतिनिधि सुरेश शुक्लाले ठूलो परिश्रम र चुनौतीहरुलाई पार गर्दै पर्सा जिल्लाका स्वास्थ्यकर्मीहरुले पूर्ण खोप अभियानलाई सफल बनाएकोमा शुभकामना व्यक्त गरे । पर्सामा पूर्ण खोप कार्यक्रम २०७३ वैशाखबाट थालिएको थियो ।

# अवैध भारतीय कुखुरा नष्ट



**मधेशदृष्टि**
**रौतहट ।**
जिल्ला प्रहरी कार्यालय रौतहटद्वारा ६० थान अवैध भारतीय कुखुरा नष्ट गरिएको छ । जिल्ला प्रहरी कार्यालयको हाताभित्र स्थानीय जनप्रतिनिधि, बुद्धिजिवी र संचारकर्मीको रोहबरमा सोमवार दिउँसो खाल्टो खनेर ब्रोईलर कुखुरा नष्ट गरिएको हो ।

ईलाका प्रहरी कार्यालय कोपवा पिपरीयाबाट खटिएको प्रहरी गस्ती टोलीले सीमावर्ती क्षेत्र परोहा नगरपालिका–६ हवारी चौक स्थित भारतबाट अवैध रुपमा भन्सार छली चोरी पैठारी गरी ब्रोईलर कुखुरा साईकलमा लोड गरी नेपालतर्फ ल्याउदै गरेको अवस्थामा फेला पारेको थियो ।

४ थान साईकल र बोईलर कुखुरा ६० वटा अन्दाजी १२० किलो गरी कुल ३८ हजार ४ सय रुपैयाँ बराबरको रहेको जिल्ला प्रहरी प्रवक्ता डिएस्पी एलिजा गिरीद्वारा जारी सूचनामा उल्लेख गरिएको छ । भारतीय सिमानासँग जोडिएको परोहा, राजापुर, बौधिमाईलगायत नगरपालिकामा तस्करहरुले लुकाई छिपाई भारतीय कुखुरा भिल्याउने गर्दछन् ।

# लायन्स क्लबको एरिया मिट सम्पन्न





**मधेशदृष्टि**
**वीरगंज ।**
लायन्स क्लब ईन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपाल अन्तर्गत रहेको एरिया नम्बर ३ को एरिया मिट वीरगंजमा सम्पन्न भएको छ ।

कार्यक्रमलाई सम्बोधन गर्दै लायन्स क्लब ईन्टरनेशनलका पाष्ट मल्टिपल काउन्सिल चेयरपर्सन एवम् एलसिआइएफ कोर्डिनेटर लायन डा.रमेश अग्रवालले लायन्स क्लब मानवीय सेवा गर्ने संसारकै सबैभन्दा ठुलो अन्तर्राष्ट्रिय संस्था भएको दाबी गरे । लायन्स क्लब ईन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालका डिष्ट्रिक्ट गभर्नर पिएमजेएफ लायन डि.एन.अग्रवालले एरिया नम्बर ३ अन्तर्गतको वीरगंज, जीतपुर, सिमरा, कलैया र गन्जभवानीपुरका लायन्स क्लबहरुले उत्कृष्ट सेवामूलक कार्यहरु गर्दै आएकोमा धन्यवाद दिनुभयो । लायन्स क्लब ईन्टरनेशनल डिष्ट्रिक्ट ३२५ एस नेपालका एरिया चिफ पिएमजेएफ लायन उमेश शर्माको अध्यक्षतामा भएको कार्यक्रममा लायन्स क्लबका पूर्व डिष्ट्रिक्ट गभर्नरद्वय लायन डा.आर.पी.खेतान, लायन राजकुमार सिंधि, क्याबिनेट सेक्रेटरी लायन बासु तिमिल्सिना, क्याबिनेट ट्रेजर लायन रामबिहारी पाण्डे, डिष्ट्रिक्ट एक्ज्यूकेटिभ चिफद्धय लायन प्रकाश बाहेती, लायन सन्दिप केडिया लगायतले आ–आफ्नो मन्तब्य व्यक्त गरेका थिए ।



*जे गरिरहेका छौं, त्यसबारे त्यति धेरै महत्व दिएर सोच्न थाल्यौ भने के गर्ने भन्ने नै बिर्सन्छौ । – लि मर्भिन*

## सम्पादकीय

# समाजमा साम्प्रदायिकता भड्काउने प्रयास

*पछिल्लो समय कुनै धार्मिक दिवस परेका दिन मधेशका कुनै न कुनै जिल्लामा साम्प्रदायिक हिंसा नभएको इतिहास छैन । अनि एउटा जिल्लामा भएको झडपको खबरले अर्को जिल्लामा पनि दुई समुदायबीच झडप गराउन सकिन्छ कि भनेर केही चैँ फेरि निकै कसरत गरिरहेका हुन्छन् । यसपटक श्रीपञ्चमी अर्थात् सरस्वती पूजाका दिन पारेर महोत्तरी र रौतहटमा यस्तै झडप भए । झडपले महोत्तरीमा ठूलो रुप लिएन तर रौतहटमा यसले विकराल रुप लियो । पछिल्लो तीन दिनदेखि त्यहाँ कर्फ्यु नै जारी गर्नु परेको छ । यही विषयलाई लिएर आर्थिक नगरी वीरगंजमा पनि हिंसात्मक अवस्था आउने देखिएपछि पर्सा प्रशासनले वीरगंजमा समेत कर्फ्यु जारी गर्नु परेको छ । रौतहटको घटना मत्थर पारौँ भनेर राजनीतिक दलहरुसमेत लागिरहँदा यसले वीरगंजलाई पनि अछुतो नराख्नु र कर्फ्यु लगाउनु पर्ने अवस्था आउनुमा पक्कै मधेशमा साम्प्रदायिक हिंसाको बीउ रोपेकाहरुले फसल भित्र्याउने मौका खोजिरहेको देखिन्छ । समाजमा आगो झोसेर विवादित र विभाजित बनाउँदै आफ्नो स्वार्थको रोटी सेक्ने समुदाय जुन समुदायका भए पनि तिनीहरु समाजका सत्रु नै हुन् ।*

*रौतहटको घटना उचालेर सोमबार दिउँसो वीरगंजको बजार क्षेत्र पनि तनावपूर्ण बनेपछि जिल्ला प्रशासन कार्यालय पर्साले साँझ ५ बजेदेखि अर्को सूचना जारी नभएसम्मका लागि वीरगंजमा अनिश्चितकालीन कर्फ्यू आदेश जारी गरेर स्थिति नियन्त्रणमा लिने प्रयास गरेको छ । पर्साका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषालद्वारा अपरान्ह जारी कर्फ्यू आदेशमा फागुन ३ गते बिहीबार रौतहटको ईशनाथ नगरपालिकाको मोतीपुरमा दुई पक्षबीच विवाद र झडप भएको विषयमा सोमबार दिउँसो वीरगंजमा भएको विरोध जुलुसक्रममा विवाद र झडपको स्थिति उत्पन्न भएको हो । यसले सर्वसाधारणको सुरक्षामा पर्न सक्ने सम्भावित जोखिम एवम् शान्ति भंग हुनसक्ने भन्दै प्रशासनले कर्फ्यु जारी गरेको छ । वीरगंज महानगरपालिका क्षेत्रभित्र कर्फ्यु आदेश जारी गरिएको हो । कसैले पनि आवतजावत, भेला, हिँडडुल, जुलुस प्रदर्शन, घेराउ, ¥याली नगर्न असपिल गरिएको छ । स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ को क बमोजिम कर्फर्यु आदेश जारी भएको छ ।*

*बजारमा हिन्दू र मुस्लिम समुदाय सतहमा देखिएका छन् । हिन्दू गतिविधिमा मुस्लिम समुदायको प्रतिरोध देखिएको छ । अर्कातिर हिन्दू समुदायले मुस्लिम बस्तीमा पनि हिन्दू धर्मको गतिवधि गरिरहँदा उनीहरुले विरोध गरिरहेका छन् । मुस्लिम समुदायको अनुरोध हिन्दू समुदायले नसुन्ने र हिन्दू समुदायमाथि मुस्लिम समुदाय जाइलाग्ने अवस्था विस्तार भइरहेको छ । अहिले त प्रशासनले यसलाई कर्फ्युको आडमा रोकथाम गरिररहेको छ । तर धर्मका आडमा बढ्दै गएको प्रतिरोध र प्रतिशोधको घटनाले कुनै पनि बेला मधेशका कुनै पनि भूमिमा ठूलो रुप लिन सक्ने विषयमा अहिलेदेखि नै प्रदेश र स्थानीय सरकार तथा प्रहरी प्रशासनले हिन्दू र मुस्लिम समुदायसँग छलफल र विवाद मिलाउने प्रयास नगर्ने हो भने कुनै पनि बेला यसले भुसको आगोको रुप लिने देखिएको छ । समाजलाई विभाजित गर्नेहरुले बस्तीबस्तीमा यस्तो स्वार्थको फणा घुसाएकाले दुवै धर्मका अगुवाहरु राखेर धर्मका नाममा हिंसात्मक गतिविधिमा निषेध गराउन जरुरी देखिएको छ ।*

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौं। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला। लेखरचना एक हजार पाँच सय शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौं। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

## कार्यक्रम आयोजकमा अनुरोध

मधेश प्रदेशका ८ जिल्लामा हरेक दिन कुनै न कुनै औपचारिक कार्यक्रम भइरहेका हुन्छन् । यहाँको कार्यक्रमको समाचार प्रकाशन हेतु मधेशदृष्टि दैनिकको कार्यालय जनकपुर, भानुचोक (रेडियो जनकनन्दनीसँगै) र वीरगंज (रेडियो वीरगंजसँग)मा या हाम्रो इमेल र ह्वाट्स एपमा आधिकारिक पत्र पठाएर सहयोग गरिदिनु हुन अनुरोध गर्दछौं ।

सम्पर्कः ९८५५०२१२८१ (ह्वाट्स एप पनि)

इमेलः madheshdristi@gmail.com

# सामाजिक न्यायमार्फत लोककल्याणकारी राज्य



पुष्पकमल दाहाल 'प्रचण्ड'

> *"यतिखेर म, नेपाली जनताको सुशासन, सामाजिक न्याय र समृद्धिको आकांक्षा पूरा गर्न हामीले सामना गरिरहेका चुनौतीलाई नजिकबाट नियालिरहेको छु । नेपाली जनताले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ हामीलाई गरेको अभुतपूर्व विश्वास, राखेको आशा र भरोसालाई कमजोर हुन नदिन र संविधानले प्रत्याभूत गरेका हकअधिकार एवम् जनताको दैनिक जीवनस्तरमा देखिने परिवर्तन ल्याउन ठोस कदम चाल्नुपर्नेमा म सचेत र गम्भीर छु । यस दिशामा आ–आफ्नो जिम्मेवारीअनुरूप जनउत्तरदायी भएर काम गर्नसमेत सम्पूर्ण राष्ट्रसेवकहरूमा निर्देशित गर्दछु ।"*

नेपाली समाजको राजनीतिक, आर्थिक, सांस्कृतिक अधिकार र रूपान्तरणका निम्ति नेपाली जनताले निकै ठूलो सङ्घर्ष र बलिदान गर्दै आएका छन् । परिवर्तनप्रतिको अटल अनुरागसहित जनताको अदम्य साहस र वीरतापूर्ण सङ्घर्षबाट नेपाली समाज राजनीतिक, आर्थिक रूपान्तरणका विभिन्न चरणहरू पार गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रसम्म आइपुगेको छ।

यही सङ्घर्षको ऐतिहासिक परिघटनाकारूपमा जनताले लोकतान्त्रिक अधिकारको जग बसालेको दिन अर्थात् फागुन ७ गतेलाई प्रत्येक वर्ष प्रजातन्त्र दिवसका रूपमा मनाउँदै आएका छौँ। विसं २००७ मा तत्कालीन जहानियाँ राणाशासन अन्त्य गरी प्रजातन्त्रको स्थापनाका लागि नेपाली जनताले अमूल्य योगदान गरेका थिए। फलस्वरूप सङ्कुचित पारिएको जनताको अधिकार एवम् स्वतन्त्रता र विकासको चाहनालाई मूर्तता दिन प्रजातान्त्रिक र विधिको शासन स्थापित भएको थियो। प्रजातान्त्रिक मूल्य र मान्यता स्थापित गर्ने क्रममा नेपाली जनताले नागरिक हक र अधिकारका लागि प्राण उत्सर्गसहित वीरतापूर्ण सङ्घर्षबाट जहानिया निरंकुश व्यवस्थालाई पराजित गरेका थिए। आजको यस ऐतिहासिक दिनमा प्रजातान्त्रिक अधिकार, गणतान्त्रिक व्यवस्था स्थापना तथा राष्ट्रियताको रक्षाका निमित्त आफ्नो प्राण उत्सर्ग गर्नुहुने सम्पूर्ण महान् सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। नागरिक स्वतन्त्रता एवम् हक अधिकार स्थापनाका लागि विभिन्न आन्दोलनमा बेपत्ता भएका महान् योद्धाहरूको उच्च सम्मानसहित स्मरण गर्दछु। घाइते भएका तमाम योद्धाहरूप्रति सम्मान र शीघ्र स्वास्थ्यलाभको कामनासहित दीर्घजीवनको कामना गर्दछु। निरंकुशतन्त्रको अन्त्य र प्रजातन्त्रको स्थापनाका लागि सङ्घर्षको मैदानमा खट्नुभएका सबैमा उच्च सम्मानसहित हार्दिक शुभकामना व्यक्त गर्दछु।

निरङ्कुश शासन व्यवस्थाको अन्त्य गर्दै जनअधिकार स्थापना गर्ने तमाम बलिदानीपूर्ण जनसङ्घर्ष, क्रान्ति, आन्दोलनका माध्यमबाट देशमा लोकतन्त्र, गणतन्त्र, समानुपातिक समावेशी प्रतिनिधित्व र आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारसहितको सामाजिक न्याय र आर्थिक सामाजिक रूपान्तरणको जग निर्माण भएको छ। संविधानको प्रस्तावनामा समाजवादउन्मुख राज्य निर्माणको सङ्कल्प गरिएकाले प्राप्त अधिकारको रक्षा र सुदृढीकरणसहित थप अधिकारका निमित्त अगाडि बढ्ने ढोका खुला रहेको छ।

नेपाली जनताको राजनीतिक सङ्घर्ष र क्रान्तिको लामो गौरवशाली परम्परा रहिआएको छ। आधुनिक नेपालको शासकीय स्वरूपको जग नै विभिन्न चरणका सङ्घर्ष र क्रान्तिको अविछिन्न श्रृङ्खला हो। यस ऐतिहासिक अवसरमा ती तमाम क्रान्तिका अवयव एवम् आन्दोलनमा योगदान गर्ने आम जनताको भावनाप्रति उच्च सम्मान व्यक्त गर्दै नेपाली माटो सुहाउँदो लोककल्याणकारी सामाजिक न्याययुक्त समाजवादी राज्य निर्माणको अभियानमा समाहित हुनसमेत सम्पूर्ण जनसमुदायमा हार्दिक अपिल गर्दछु।

यतिखेर म, नेपाली जनताको सुशासन, सामाजिक न्याय र समृद्धिको आकांक्षा पूरा गर्न हामीले सामना गरिरहेका चुनौतीलाई नजिकबाट नियालिरहेको छु। नेपाली जनताले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापनार्थ हामीलाई गरेको अभुतपूर्व विश्वास, राखेको आशा र भरोसालाई कमजोर हुन नदिन र संविधानले प्रत्याभूत गरेका हकअधिकार एवम् जनताको दैनिक जीवनस्तरमा देखिने परिवर्तन ल्याउन ठोस कदम चाल्नुपर्नेमा म सचेत र गम्भीर छु। यस दिशामा आ–आफ्नो जिम्मेवारीअनुरूप जनउत्तरदायी भएर काम गर्नसमेत सम्पूर्ण राष्ट्रसेवकहरूमा निर्देशित गर्दछु।

सन् २०३० सम्म नेपाललाई अतिकम विकसित राष्ट्रबाट स्तरोन्नतिसहित विकासोन्मुख राष्ट्रका रूपमा स्थापित गर्नुछ। कूल गार्हस्थ उत्पादनमा गुणात्मक विकास गर्नु छ। परम्परागत विकासको मोडेल पुनरावलोकन गरी उत्पादन र रोजगारी सिर्जनामा केन्द्रित हुनु छ। रोजगारीका अवसरहरू सिर्जना गरी बौद्धिक पलायन रोक्नु छ। युवामा आशाको नयाँ रक्तसञ्चार भर्नु छ। नेपाललाई गरिबीको दुष्चक्रबाट बाहिर निकाल्नु छ। सङ्घीय प्रणालीले सिर्जना गरेका अथाह सम्भावनाहरूलाई अवसरमा बदल्नु छ। सङ्घीय लोकतान्त्रिक गणतन्त्रको रक्षा र सुदृढिकरणसहित समाजवादको बलियो आधार खडा गर्नु छ।

प्रजातन्त्र लोकहित अभिवृद्धि गरी राजनीतिक, आर्थिक, सामाजिक एवम् सांस्कृतिक विकासको आधार तयार गर्ने व्यवस्था हो। जनताले आफूलाई शासन गर्ने प्रतिनिधि आफै चयन गरेर पठाउने प्रजातान्त्रिक प्रणालीले राज्यमा अग्रगामी प्रगति र उन्नतिको आधार सिर्जना गर्दछ। लोकतन्त्रको बिकल्प उन्नत लोकतन्त्र मात्रै हुने भएकाले यस व्यवस्थामा देखिएका सीमा र कमजोरीको समाधान समेत यही व्यवस्थाभित्र मात्रै सम्भव रहन्छ।

लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणसहित संस्थागत विकास, सङ्घीयताको प्रभावकारी कार्यान्वयन, राज्य सञ्चालन प्रक्रियामा नागरिकको सक्रिय सहभागिताबाट मात्र जनअधिकार र जनजीविकाको सुदृढीकरण एवम् समाजवादको आधार तयार हुन सक्छ। जनताको जागरूकता र अपनत्वले मात्र लोकतन्त्रको निरन्तर विकास तथा दिगोपन सम्भव छ। प्रजातान्त्रिक व्यवस्थाको सारका रूपमा रहने कानुनको शासन, मानव अधिकारका मूल्य र मान्यता लैङ्गिक समानता, समानुपातिक समावेशीकरण, सहभागिता र सामाजिक न्यायको माध्यमबाट जनहित र लोककल्याणकारी समाज निर्माण गर्न सकिन्छ।

प्रधानमन्त्रीका रूपमा तेस्रो कार्यकाल र संविधान निर्माणपछिको मेरो दोस्रो कार्यकाल सङ्घीयता कार्यान्वयनमा केन्द्रित रहेको छ। यद्यपि, सङ्घीयताको कार्यान्वयनसम्बन्धी आवश्यक कानुनहरू निर्माणमा ढिलाइ हुँदा प्रदेश र स्थानीय सरकारका कामहरू प्रभावित बनिरहेका छन्। यही यथार्थलाई गहिरोसँग आत्मसात गर्दै मेरो नेतृत्वमा रहेको वर्तमान सरकार सङ्घीय कानुनहरूको निर्माण, कार्यविस्तृतिकरणको थप मूर्तिकरणसहित परिमार्जनका निम्ति गम्भीरतापूर्वक काम गरिरहेको छ। सरकारको यस प्रयासलाई सबै क्षेत्रबाट सकारात्मक र रचनात्मक सहयोग हुने मैले विश्वास लिएको छु।

संविधानले अवलम्बन गरेको सामाजिक न्याय र समानतामा आधारित समाजवादउन्मुख अर्थतन्त्रको निर्माण गर्ने तथा समावेशी आर्थिक समृद्धि हासिल गर्नका लागि वृहत्तर राष्ट्रिय सहमति आजको ऐतिहासिक आवश्यकता हो। वर्तमान सरकार राष्ट्रिय सहमतिसहित सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकता निर्धारित गर्दै जनताको अवस्था बदल्न, सरल र सहज सेवाप्रवाहमार्फत् सुशासनको प्रत्याभूत गर्न, अर्थतन्त्रका चुनौतीहरू सम्वोधन गर्दै समृद्धि हासिल गर्न, संक्रमणकालीन न्यायको सिद्धान्तका आधारमा मुलुकमा दीगो शान्ति स्थापित गर्न, देशको भूराजनीतिक अवस्थालाई हृदयङ्गम गर्दै स्वतन्त्र र सन्तुलित कूटनीतिक सम्बन्ध स्थापित गर्न सक्षम र दृढ छ।

अन्त्यमा प्रजातन्त्र स्थापनाका लागि २००७ सालमा भएको क्रान्ति र गणतन्त्र, सङ्घीयता, समावेशी शासन प्रणाली स्थापनाका लागि विभिन्न समयमा भएका राजनीतिक आन्दोलनका क्रममा प्राणको आहुति दिने महान् सहिदहरू, अग्रज राजनीतिकर्मीहरू, बुद्धजीवी, नागरिक समाजका अगुवाहरू र लोकतन्त्रप्रेमी जनसमुदायमा सम्मान व्यक्त गर्दै उहाँहरूले देखेको सुन्दर र समृद्ध नेपालको सपनालाई साकार पार्न हामी सबैलाई थप प्रेरणा मिलोस् भन्ने कामना गर्दछु।

# आर्थिक मुद्दाको सम्बोधन अबको प्राथमिकता



राजु शाक्य

सबै नेपाली जनताले फागुन ७ गतेलाई प्रजातन्त्र उदय भएको दिनका रुपमा स्मरण गर्दछन्। लामो सङ्घर्ष र सहिदहरुको ठूलो बलिदानीपछि नेपाली जनता मात्र हैन, राजसंस्था स्वयं पनि जहाँनिया राणा शासकहरुको चङ्गुलबाट मुक्त भएको दिन थियो त्यो । सङ्घीय गणतन्त्रलाई अङ्गीकार गरिसकेको नेपालले समृद्धि प्राप्तिलाई प्राथमिकतामा राख्दै देशव्यापी रुपमा ७४ औँ राष्ट्रिय प्रजातन्त्र दिवस भव्यताका साथ मनाइरहेको छ, यो सबैका लागि खुशीको विषय हो।

निरङ्कुश राणा शासनको अन्त्यपछि २०१५ सालमा पहिलो आमनिर्वाचन सम्पन्न भयो र तद्रुरुप निर्वाचित सरकार अस्तित्वमा आयो। विधान सभाबारेको चर्को बहसबीच संविधान मस्यौदा आयोगले तयार पारेको संविधानलाई तत्कालीन मन्त्रिपरिषद्ले अनुमोदन ग¥यो। राजाबाट गल्ती हुँदैन भन्ने मान्यतामा त्यस संविधानमा राजाबाट हुने कामकार्वाहीका लागि मन्त्रिपरिषद्लाई जिम्मेवार बनाइएको थियो। द्विसदनात्मक शासन व्यवस्था अवलम्बन गरिएको थियो।

सं◌ंविधानद्वारा प्रदत्त अधिकार प्रचलनमा ल्याउन सर्वा◌ेच्च अदालतमा आवेदन गर्न सकिने प्रावधानहरु राखिएका थिए । यसमा समाविष्ट कतिपय मौलिक हकका प्रावधानहरुलाई भारतको संविधानद्वारा प्रदत्त अधिकारलाई हेरी ल्याइएको थियो। २००७ सालदेखि अस्थिर रहँदै आएको राजनीतिलाई सग्लो पार्ने र सही दिशा दिने प्रयासस्वरुप जारी भएको यो संविधानमा सबै राजनीतिक दलहरुको एकताको प्रतीकको रुपमा राजसंस्थालाई स्थान दिइएको थियो।

केही वर्षमै निर्वाचित सरकार अपदस्थ गरिए र पार्टीहरुमाथि प्रतिबन्ध लगाइयो। प्रजातन्त्र पुनःबहालीका लागि नेपाली जनताले ३० वर्ष कुर्नुप¥यो । २०१७ सालमा तत्कालीन राजाबाट देशको माटो सुहाउने व्यवस्था भन्दै पञ्चायती शासन प्रणाली लागू भयो। कतिपय नेताहरु बन्दी बनाइए, कतिपय प्रवास भासिए । यो दलविहीन व्यवस्था थियो र राजालाई संविधानभन्दा माथिको हैसियत प्रदान गरिएको थियो। मुलुकको सार्वभौमसत्ता राजामा निहीत थियो। २०३६ सालमा जनमत सङ्ग्रह भयो र यसैको परिणामस्वस्mप सुधारिएको पञ्चायत भन्दै संसदीय व्यवस्थाका केही चरित्रहरुलाई त्यतिखेर आत्मसात् गर्ने काम पनि भयो।

२०४६ सालको जनआन्दोलनपछि राजा पार्टी प्रतिवन्ध फुकुवा गर्न बाध्य भए। जनआन्दोलनको जनादेशबमोजिम सार्वभौमसत्ता नेपाली जनतामा निहीत हुने गरी २०४७ सालमा नेपाल अधिराज्यको संविधान लागू भयो र त्यसै अनुरुप निर्वाचन भई लोकतान्त्रिक सरकार गठन भयो। संवैधानिक राजतन्त्रसहितको संसदीय व्यवस्थाको अभ्यास सँगसँगै नेपाली जनताले उन्मुक्त वातावरणमा सास फेर्न पाए। सङ्गठित हुन पाए। वाक् र प्रकाशन स्वतन्त्रता उपभोग गर्न पाए। फेरि पनि २०६१ साल माघ १९ गते शाही घोषणाबाट लोकतन्त्रको गला निमोठियो। दरबारको पटक पटकको हस्तक्षेपबाट आजित र आक्रोशित नेपाली जनताले २०६२–६३ को जनआन्दोलनलाई उत्कर्षमा पु¥याउँदै राजतन्त्रलाई सदाका लागि विदा गरिदियो।

मुलुकको आमूल परिवर्तनका लागि सशस्त्र सङ्घर्षमा होमिएको माओवादी शक्ति पनि जनभावनाको कदर गर्दै शान्तिको मार्गमा आए। सात राजनीतिक दल र विद्रोही माओवादीबीच १२ बुँदे सम्झौता सम्पन्न भयो। विद्रोही पक्ष राष्ट्रिय राजनीतिको मूलधारमा समाहित भएपछि मुलुकले नयाँ दिशा समात्यो। त्यसपछि दोस्रो चोटि निर्वाचित भएको संविधान सभाले लामो समयको छलफल, मन्थन र विचार विमर्शपछि सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मार्गचित्र कोर्दै तयार पारेको नेपालको संविधान २०७२ जारी भयो। यो संविधानले सङ्घीय सरकार, सात प्रदेश, ७५३ स्थानीय तह र केन्द्रमा द्विसदनात्मक विधायिका स्थापित ग¥यो। नव नेपाल निर्माणका लागि बलियो आधारशीला तयार भयो।

यस संविधानबाट नेपाली जनतालाई सङ्घीयता, गणतन्त्र, समावेशिता, धार्मिक स्वतन्त्रता जस्ता उपलब्धिहरु हासिल भयो। पटक पटकको जनआन्दोलनले राजनीतिक क्षेत्रलाई यथेष्ट अधिकार दिलाउन सकेका छन्। यसको श्रेय हिजोका दिन निरङ्कुश राणा शासकहरुबाट पिल्सिएका अधिकारविहीन नेपाली जनताको उन्मुक्तिका लागि भूमिगत आन्दोलनमा होमिने नेपाल प्रजा परिषद् र बन्दूकको अगाडि छाती थाप्ने ती सहिद र योद्धाहरुलाई जान्छ। फागुन ७ ले नेपाली जनतालाई यिनै सङ्घर्ष र समर्पणको स्मरण दिलाउँछ।

अब मुलुक हाँक्ने जिम्मेवारी लिई बसेका राजनीतिक दल र तिनका नेताहरुले सहिदका सपना र जनताका अपेक्षालाई मनन गर्दै देश निर्माणमा जुट्न कुनै विलम्ब र बहानाबाजी गर्न मिल्दैन। उनीहरुले इमान्दारीपूर्वक यो दायित्व बहन गर्नुपर्छ र मुलुकको भविष्य कोर्नुपर्छ। सिंहदरबारको अधिकार क्रमशः विकट गाउँठाउँका निमुखा जनताको घरदैलो पुग्नुपर्छ। उनीहरुको अनुहारमा अभाव हैन सन्तुष्टिको भाव झल्कनुपर्छ। पुनरुत्थानवादी शक्तिहरुलाई पुनः टाउको उठाउने अवसर दिइनु हुँदैन। अगुवाले नै बाटो बिरायो भने समग्र मुलुकलाई पिरोल्ने निश्चित छ। त्यस्तो स्थिति आउन नदिन सबै जनता जागरुक हुन आवश्यक छ। पञ्चायत कालमै पनि क्षेत्रीय विकासको अवधारणालाई पाँच विकास क्षेत्रमा विभाजन गरी लागु गरिएकै◌ े थियो तर आमजनताको जीवनस्तरमा तात्विक भिन्नता आएन। किनकि नेतृत्व वर्ग असक्षम थियो, दूरदृष्टिको अभाव थियो। दरबार निकट व्यक्तिहरु मात्रै लाभान्वित भए।

पछिल्लो सात–आठ वर्षमा आशाका किरणहरु देखा परेका छन् । जनता आशावादी छन् । मुलुकको सञ्चार क्षेत्रमा आमूल परिवर्तन भएको महसुस गरिएको छ। वाक तथा प्रकाशन स्वतन्त्रता निर्वाध रुपमा उपयोग गर्न पाइएको छ। पञ्चायती राजमा त्यस्तो स्वतन्त्रता थिएन। गाईजात्राको अवसर पारेर सरकारलाई व्यङ्ग्य गर्नुपर्ने दिन हुन्थ्यो। त्यत्तिखेर सरकारी कार्यालयहरुमा निजी क्षेत्रका पत्रपत्रिका टेबलमा फैलाएर पढ्न पाइँदैनथ्यो। सरकारी कर्मचारीले त्यसबखत देशान्तर, दृष्टि, विमर्श जस्ता साप्ताहिक पत्रपत्रिकाहरु कसैले नदेख्ने गरी एक कुनामा गएर पढ्नु पथ्र्या◌ े। कुनै पनि निहुँ झिकेर सरकारले पत्रिकाको दर्ता रद्द गरिदिन्थ्यो। बाध्य भएर नयाँ पत्रिका दर्ता गरेर निकाल्नु पथ्र्यो। मुद्दाहरु परिरहन्थे तर त्यस बखत अदालतहरुले सरकारको निर्णय विरुद्ध फैसला दिएर पत्रपत्रिकाको प्रकाशन जोगाइदिएका कैयन नजीरहरु यहाँ स्मरणयोग्य छन्। निर्दलीय व्यवस्थामा पनि न्यायाधिकारीले प्रेसलाई सक्दो सहयोग भने गरेकै थिए भन्नुपर्छ।

हिजोआज क्षणभरमै समाचार सुन्ने मात्र हैन हेर्न पाइने सुविधा प्राप्त भएको छ। सात समुद्रपारिका घटनालाई तत्काल प्रत्यक्ष रुपमा देख्न पाइन्छ। मुलुकको सूचना प्रविधिको क्षेत्रमा यथेष्ट प्रगति भएको छ। विश्वमै आएको सूचना प्रविधिको उच्चतम विकासलाई नेपालले पछयाउन सकेको छ भन्दा अतिशयोक्ति नहोला।

समयको गतिसँगै मुलुकको राजनीतिमा युगान्तकारी हलचल भइआएका छन्। त्यसले राजनीतिक क्षेत्रलाई थुप्रै उपलब्धिहरु दिलायो तर आर्थिक क्षेत्रले खासै प्रतिफल चाख्न पाएका छैनन् भन्ने उद्योग वाणिज्य क्षेत्रको शुरुदेखि गुनासो रहँदै आएको छ। मुलुकका अर्थतन्त्र कमजोर भयो, सरकारले अर्थतन्त्र उकास्ने योजना र लगानीमैत्री कार्यक्रमहरु दिन सक्नुप¥यो भन्ने उनीहरुको माग हो। उद्योग खोल्ने, व्यवसाय गर्ने, स्वरोजगार बन्ने व्यावहारिक नीति नहुँदा बेरोजगारी समस्या चुलिएको छ। गाँस र बासकै समस्या रहँदा छटपटिएका जनता खाडी मुलुकहरुमा श्रम बेच्न बाध्य भइरहेका छन्। अब कृषि क्षेत्रको विकास हाम्रो प्राथमिकता हुनुपर्छ। जनतालाई कृषि कर्ममा लाग्न प्रोत्साहन दिनु पर्छ। स्याउ र गोलभेंडा आयात गरेर खाने स्थितिको जति सक्दो चाँडो अन्त्य हुनुपर्छ।

मुलुकको जलस्रोत अर्को सम्भावित क्षेत्र हो। देशभित्र विद्यमान यो प्राकृतिक सम्पदाबाट सक्दो लाभ लिने प्रयास हालैका दिनहरुमा भएका छन्। थुप्रै जलविद्युत् आयोजनाहरु निर्माणाधीन अवस्थामा छन्। भारतलाई बिजुली निर्यात गर्ने दीर्घकालीन सम्झौता सम्पन्न हुन सकेको छ, यो खुशीको विषय हो। बङ्गलादेश धेरै पहिलादेखि नेपालबाट विद्युत् खरिद गर्न लालायित रहँदै आएको छ। विदेशमा बिजुली बेच्न सकिने मार्ग प्रशस्त भएको छ।

पर्यटन क्षेत्रलाई हामीले बढावा दिइआएका छौं तर पर्यटकको आमगन सन्तोष गर्न लायकको छैन। त्यसका लागि प्रथमतः राजनीतिक स्थिरता पूर्व शर्त हो। हिजोका दिनमा जस्तै सडक आन्दोलन गर्ने र बन्द घोषणा गर्ने परिपाटीलाई प्रश्रय नदिनु नै मुलुकको दीर्घकालीन हितमा हुनेछ। निर्माण सम्पन्न भएका अन्तर्राष्ट्रिय स्तरका विमानस्थलहरु सञ्चालनमा ल्याउन सकिएको छैन। त्यसका लागि छिमेकी मुलुकसँग सार्थक बार्ता गरिनुपर्छ, कूटनीतिक प्रयास थालिनु◌ुपर्छ।

मुलुकको राजनीतिक क्षेत्रले ठूलै फड्को मा¥यो, 'पाराडाइम सिफ्ट' नै भयो। सम्पूर्ण भूगोललाई समेट्दै सङ्घीय प्रणाली मातहत केन्द्र, प्रदेश र स्थानीय सरकारहरु गठन भएका छन्। स्थानीय तहमा देखिने गरी विकास निर्माणका गतिविधिहरु अघि बढेका छन्। जनताले आफूलाई मनपर्ने जनप्रतिनिधिहरु रोजेर जिम्मेवारी दिएका छन्। प्रदेश सरकारहरु जनताको जीवनस्तर उकास्न प्रयत्नरत छ।

सिंहदरबारको अधिकार जनताको घरदैलोमा भनिए पनि त्यसो हुन नसक्दा आमजनतामा निराशा छाएको छ। समस्याहरु छन्, समयको माग सँगै ती समस्याहरुको सम्बोधन हुँदै पनि जानुपर्छ। हिजोका दिन लोकतन्त्र बहालीका लागि जेलनेल खाएका र भूमिगत राजनीति गरेका तिनै नेताहरुको अकर्मण्यताले मुलुक फेरि द्वन्द्व र सङ्कटको दलदलमा फस्ने दिन आउनु हुन्न।

सङ्घीयताको अभ्यास थालेको केही वर्षभित्रै राज्यका सम्पूर्ण संरचनाहरु चुस्तदुरुस्त हुनेछ भन्ने आम अपेक्षा होला तर यसलाई कार्यान्वयनमै उतार्न चुनौतीपूर्ण छ यो तथ्य सबैले बुझेका छन्। 'सङ्घीयतालाई मुलुकले धान्न सकेनन्, मुलुकका लागि महङ्गो भयो' भन्ने आवाज एकातिर उठिरहेको छ भने अर्कातिर संविधान प्रदत्त अधिकारलाई उपयोग गर्न नदिई सिंहदरबारमै शक्ति केन्द्रीकृत गर्ने ध्याउन्नामा केन्द्र सरकार उद्यत रह्यो भन्ने प्रदेश सरकारहरुको आरोप छ। स्रोत परिचालनमा आफूहरुको हात बाँधिदिँदा प्रदेश सरकार कमजोर र निरीह बन्न पुगेको उनीहरुको दलील छ। यातायातको भाडा तय गर्ने सवालमा परेको मुद्दा यसैको एक उदाहरण हो भन्न सकिन्छ।

सङ्घीयता कार्यान्वयनका लागि आवश्यक कानुनहरु तर्जुमा भइनसक्दा पनि समस्या भएको छ। वर्तमान सरकारबाट यसै विषयमा चिन्ता र चासो व्यक्त भइआएका छन्। सरकार थाँती रहेका सङ्घीयतासम्बन्धी विधेयकहरु संसदबाट पारित गराउने र कतिपय विधयेकहरु संसदमा प्रस्तुत गर्ने तयारीमा रहेको बुझिएको छ। सरकारको यो तदारुकतालाई निर्वाचित जनप्रतिनिधिहरुले आत्मसात् गरी मुलुकमा सङ्घीय लोकतन्त्रको आधारस्तम्भलाई मजबूत पार्न र सङ्घीयतामाथि कुनै कोणबाट पनि प्रश्न उठ्न नदिन कम्मर कसेर लागिपर्नेछन् भन्नेमा समस्त जनता आशावादी भइबसेका छन्। नेतृत्व वर्गबाट यही काम भइदिए फागुन ७ गते ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान दर्शाएको ठहरिने छ। त्यस्ता समारोहहरु मात्र ओठे भक्ति र औपचारिकता मात्रै हुने छैनन्। रासस

# सञ्चार क्षेत्रका कानुन निर्माण प्राथमिकतामाः सञ्चारमन्त्री



**रासस**
**काठमाडौँ ।**
सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले सङ्घीयताको मर्म र भावनाअनुसार सञ्चार क्षेत्रका कानुन निर्माण सरकारको प्राथमिकतामा रहेको बताएकी छन् । राष्ट्रिय समाचार समिति (रासस)को ६३औँ वार्षिकोत्सवका अवसरमा सोमबार रासस केन्द्रीय कार्यालयमा आयोजित समारोहलाई सम्बोधन गर्दै सञ्चारमन्त्री शर्माले सङ्घीयताको भावनासँग अनुकूल हुनेगरी विद्यमान कानुन संशोधन र नयाँ कानुन निर्माण गरिने बताएकी हुन् । 'सञ्चारमाध्यमसँग सम्बन्धित सबै सरोकारवालासँग सहकार्य गर्दै सङ्घीयताको मर्म र भावनाअनुरूप स्थानीय तहसम्मै अनुभूति हुनेगरी कानुनमा संशोधन, परिमार्जन एवं नयाँ कानुन बनाई समसामयिक सुधार गर्न सरकार लागिपरेको छ', मन्त्री शर्माले भनिन्, 'सङ्घीय संरचना तथा अभ्यासबाट विकसित परिवेशअनुसार प्रदेश र स्थानीय तहलाई पनि बलियो बनाउने गरी आमसञ्चारका क्षेत्रमा नीति र कानुन निर्माणमा जोड दिएका छौँ ।'
आमसञ्चार क्षेत्रको पुनःसंरचनाका लागि नीतिगत तथा कानुनी सुझाव दिन आमसञ्चार क्षेत्र सुधार सुझाव समिति गठन गरेको र सो समितिको प्रतिवेदनलाई मुख्य आधार बनाई नेपाल मिडिया काउन्सिल विधेयक र आम सञ्चार विधेयक तयार गरिएको पनि मन्त्री शर्माले बताइन् । पत्रकारिता तथा सञ्चार क्षेत्रलाई थप प्रतिस्पर्धी, व्यावसायिक र जिम्मेवार बनाउने विषयमा सरकार गम्भीर रहेको पनि मन्त्री शर्माले उल्लेख गरिन् । 'नेपालको संविधानले प्रत्याभूत गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई संरक्षण गर्दै पत्रकारिता क्षेत्रलाई थप विकसित, व्यावसायिक र समृद्ध बनाउँदै लैजाने कुरामा वर्तमान सरकार प्रतिबद्ध एवं क्रियाशील छ', उनले भनिन् 'विगतमा पत्रकारिता क्षेत्रले जनताको राजनीतिक अधिकार प्राप्तिका लागि राजनीतिक दलसँगै रहेर आफ्नो क्षेत्रबाट योगदान गरेको थियो । अब राजनीतिक उपलब्धिको रक्षा र विकास गर्दै जनताको जीवनस्तर रुपान्तरणमा महत्वपूर्ण भूमिका खेल्नु आवश्यक छ ।'
सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिमा केन्द्रित रहेर जनताको जीवन रुपान्तरणमा सिङ्गो मुलुकलाई एकताबद्ध गरेर लैजाने प्रयास गरिरहेको पनि मन्त्री शर्माले दाबी गरिन् । अहिलेको सरकारले पछिल्लो एक वर्षमा सेवा प्रवाहलाई सरल, कम खर्चिलो र झन्झटमुक्त बनाइएको पनि उनले बताइन् । नक्कली भुटानी शरणार्थी, ललिता निवास प्रकरण, सुनको अवैध ओसारपसारलगायत भ्रष्टाचारमा छानविनलाई सहयोग गर्न सरकार दृढ रहेको पनि उनले उल्लेख गरिन् । 'अनुचित लेनदेनसम्बन्धी कारोबारको अन्त्यलगायत सामाजिक न्यायको क्षेत्रमा महत्वपूर्ण काम भएका छन् । अब सरकारले समृद्धिका क्षेत्रमा देखिने गरी काम अघि बढाउन खोजिरहेको छ', शर्माले भनिन् 'कृषि, पर्यटन, जलस्रोत र सूचना प्रविधिलगायत क्षेत्रमा लगानी केन्द्रित गरेर आर्थिक समृद्धिको ढोका खोल्न सकिन्छ भन्नेमा सरकार विश्वस्त छ ।' राज्य र जनताकाबीचमा पुलको भूमिका निर्वाह गर्ने सञ्चारमाध्यमले महत्वपूर्ण भूमिका खेल्ने उनले उल्लेख गरिन् ।
राससले गुणस्तरीय सामग्री उत्पादनमा जोड दिएर देशभित्र मात्र नभई अन्तर्राष्ट्रियस्तरमा समेत विश्वका अन्य समाचार एजेन्सीसँगको प्रतिस्पर्धा गर्नसक्नुपर्ने बताइन् । अहिलेको डिजिटल युगमा आफूलाई समयनुकूल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्नुपर्ने उनले उल्लेख गरिन् । यस कार्यमा मन्त्रालयकोतर्फबाट आवश्यक सहयोग र सहजीकरण गर्ने पनि उनले बताइन् । 'राससलाई अझ बढी विश्वसनीय र प्रभावकारी बनाउन श्रव्यदृश्य समाचार सेवालाई प्राथमिकता दिई यसका लागि आवश्यक जनशक्तिलाई तालिमको व्यवस्थापनका साथै आवश्यक साधनस्रोत र कर्मचारीको वृत्तिविकासमा सरकारबाट आवश्यक सहयोग हुने विश्वास दिलाउन चाहन्छु', उनले भनिन्, 'आफ्नो व्यावसायिक क्षमता अभिवृद्धि गर्दै आत्मनिर्भर बन्नेतर्फ पनि व्यवस्थापनसहितको रासस परिवारले विशेष ध्यान दिन आग्रह गर्दछु ।'



मोबाइलबाटै मधेशदृष्टि पढ्नका लागि स्क्यान गर्नुहोस्

# 'राजनीतिक अस्थिरताले भ्रष्टाचार मौलाउन मलजल गर्‍यो'



*'हालको मिश्रित निर्वाचन प्रणालीले कुनै पनि दलले एकल बहुमत ल्याउन धेरै ठूलो समस्या छ, अर्थात् गठबन्धनकै सरकार निर्माण हुने अवस्था देखिन्छ । चुनाव अघि र पछि दलहरुबीच गठबन्धन निर्माण भएको यथार्थलाई स्वीकार गरी सत्तापक्ष–प्रतिपक्ष बीच त्यही पुरानो धङधङीलाई समातेर आरोप प्रत्यारोप गरिरहनु ठिक होइन । कुनै पनि व्यक्तिले भ्रष्टाचार गरेको भेटिए कारबाही गर्नुपर्छ, तर राजनीति–प्रेरित आरोप लगाउने कार्य सत्तापक्षले बन्द गर्नुपर्छ ।'*

***लालप्रसाद सावा लिम्बू, प्रतिनिधिसभा सदस्य***

**रासस**
**काठमाडौँ ।**
अहिले मुलुकको अर्थतन्त्र र आर्थिक वृद्धिदर कमजोर अवस्थामा रहेको सबैलाई राम्रैसँग थाहा छ । कर र राजस्वले लक्ष्य हासिल गर्न सकेको छैन । आगामी आर्थिक वर्षका लागि ल्याउन लागेको बजेटको सीमा र आकार घटाउन लागिएको छ । बैंकको ब्याज महँगो भएकाले उद्योगी व्यवसायी ऋण तिर्न नसकेर कालोसूचीमा पर्नेक्रम बढ्दो छ । ईँटा, क्रसर, सिमेन्ट र रड उद्योग ५० प्रतिशतभन्दा कम क्षमतामा सञ्चालनमा छन् । कामको खोजीमा विदेश पलायन हुने युवाको संख्या बढ्दो क्रममा छ । यस्तो अवस्थाका बीचमा अहिले हामी सङ्घीय संसद्को तेस्रो अधिवेशनमा छौँ । राजनीतिक सहमति हुन नसकेका कारण थुप्रै महत्वपूर्ण कानुन निर्माण हुन सकेका छैनन् । कानुन छिटो पारित गरी अघि बढ्ने सन्दर्भमा सरकारबाट संसद्लाई आवश्यक बिजनेस दिन सकेको अवस्था छैन । पछिल्लो समय ल्याइएका शिक्षा लगायतका केही विधेयक मुलुकको आवश्यकतालाई सम्बोधन र दिशानिर्देश गर्ने खालको हुन पर्नेमा मस्यौदामै कमजोरी छ । त्यसमा थुप्रै संशोधन परेकाले छलफल गरी निष्कर्षमा पु¥याउन प्रशस्तै समय लाग्ने देखिएको छ ।
सत्तापक्ष र प्रतिपक्षबीच असल नै काम गरेको भए तापनि एक–अर्का विरुद्ध आरोप लगाउने विषय सिद्धान्तझैँ स्थापित छ । नेकपा(एमाले) प्रमुख प्रतिपक्षी दल हुनुका नाताले मुलुकलाई ठीक बाटोमा हिँडाउन र विधिसम्मत सरकार सञ्चालनका लागि दबाब दिँदै खबरदारी गर्दैआएको छ । यो भूमिका मुलुकलाई समृद्ध तुल्याउने पाटोकारुपमा रहेको छ । लोकतान्त्रिक अभ्यास भएकै मुलुकमा पनि सरकारलाई गलत मार्गबाट हिँड्नबाट रोक्न र जनहितमा काम गर्न दबाब आवश्यक हुन्छ । त्यसमा हामी क्रियाशील छौँ । संविधानबमोजिम सांसदको मुख्य जिम्मेवारी ऐन, कानुन बनाउने भए तापनि जनताका पीरमर्का सुन्ने, दुखेसोका आवाज संसद्मा पुर्याउने, उनीहरुका बाटाघाटा, पुल, पुलेसा, सडक, विद्युत्, खानेपानीका आवश्यकताका विषय कसले उठाउँछ भन्ने प्रश्न पनि सँगै छ । त्यो भएकाले कानुन निर्माणको मुख्य जिम्मेवारीसँगै विकास निर्माणसम्बन्धी सहायक काम पनि सांसदको काँधमा जोडिएको छ ।
नेपालमा लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने सन्दर्भमा खास बेला र परिस्थितिमा नेपालका हालका प्रमुख राजनीतिक शक्ति एक ठाउँमा उभिने गरेकै हुन् । हालको मिश्रित निर्वाचन प्रणालीले कुनै पनि दलले एकल बहुमत ल्याउन धेरै ठूलो समस्या छ, अर्थात् गठबन्धनकै सरकार निर्माण हुने अवस्था देखिन्छ । चुनाव अघि र पछि दलहरुबीच गठबन्धन निर्माण भएको यथार्थलाई स्वीकार गरी सत्तापक्ष–प्रतिपक्ष बीच त्यही पुरानो धङधङीलाई समातेर आरोप प्रत्यारोप गरिरहनु ठिक होइन । कुनै पनि व्यक्तिले भ्रष्टाचार गरेको भेटिए कारबाही गर्नुपर्छ, तर राजनीति–प्रेरित आरोप लगाउने कार्य सत्तापक्षले बन्द गर्नुपर्छ । अनावश्यक र अतिरञ्जित आरोप लागेपछि आफ्नो रक्षा र प्रतिरक्षाका लागि दोस्रो ठूलो दलका हैसियतले एमालेले त्यसको प्रतिकार गर्नु स्वाभाविक हो । राजनीतिक दलबाट सांसद भएकाले पार्टीका कार्यक्रम र निर्देशन पालना गर्ने सिलसिलामा बाहेक संसद् र संसदीय समितिका बैठकमा निरन्तर सहभागी छु । संसद्मा बलियो उपस्थिति बनाउन पार्टीको संसदीय दलको बैठकले निर्णय गरिसकेको छ । आगामी दिनमा सदनमा एमाले सांसदको सघन उपस्थिति हुनेछ । साँच्चिकै नेपालाई समृद्ध र जनतालाई सुखी तुल्याउने हो भने भ्रष्टाचार नियन्त्रण गर्न निर्मम भएर अघि बढ्नुपर्छ ।
कुनै पनि कार्यालयबाट जनताले अतिरिक्त पैसा खर्च नगरी बिना झन्झट राज्यबाट प्रदान गरिने सेवा प्राप्त गर्न सक्ने वातावरण बनाउनुपर्दछ । विगतका आन्दोलन र परिवर्तन त्यसैका निम्ति भएका हुन् । तर आज पनि जनताले त्यो अनुभव र अनुभूति गर्न सकेको स्थिति छैन । राज्य सञ्चालनमा यो नै ठूलो कमजोरी हो । २०४६ सालको आन्दोलनपछि गठन भएको छानबिन आयोगले दिएको प्रतिवेदनलाई सरकारले कार्यान्वयनमा नल्याएका कारण पनि देशमा भ्रष्टाचार र अनियमिततामा संलग्न भए पनि उम्कन सकिन्छ भन्ने मनोविज्ञान र मनोबल बढ्न पुग्यो । राजनीतिक अस्थिरता र निरन्तर भइरहेका सरकारको फेरबदलले पनि भ्रष्टाचार मौलाउन मलजल गर्दैआयो । भ्रष्टाचार रोक्न र त्यसमा संलग्न हुनेलाई ठेगान लगाउन राजनीतिक दलले अगुवाइ गर्नुपर्नेमा अरु क्षेत्रबाट आवाज उठाइएको अवस्था छ । तर जनताले त्यसको लाभ लिन नसकेपछि एजेण्डा मात्रै उठाउनुको अर्थ रहन्न ।
सूचना प्रविधिका क्षेत्रमा भएको क्रान्तिले विश्वलाई एउटा गाउँमा जोडेकाले नेपाली मात्र होइन, अवसरको खोजीका सिलसिलामा एक देशका मानिस अर्कोमा जाने र बस्ने लहर निकै बढेको छ । ग्लोबल भिलेज, गोबल सिटिजनको अवधारणा अघि बढिरहेको छ । कुन देशका मानिस कहाँ बढी छ भन्ने यसमा हेरिन्न । कतिपय देशको परिस्थिति, जनसङ्ख्या र भूगोलका आधारमा दक्ष जनशक्ति भित्र्याउने हेतुले विदेशीलाई आकर्षण गराउन शिक्षा, स्वास्थ्य र रोजगारीका क्षेत्रमा सहयोग र सहुलियत प्रदान गरिरहेका छन् । उनीहरुको विश्वव्यापी नीतिलाई अवसरका रुपमा लिई सदुपयोग गर्न कयौँ नेपाली विदेश पलायन भएका हुन् ।
नेपालले पनि यहाँको समृद्धिका लागि भौतिक पूर्वाधार, होटल व्यवसाय, उद्योग, ऊर्जा र पर्यटनका क्षेत्रलाई अघि बढाउन सकिएमा विदेश पलायनको अवस्था स्वतः अन्त्य हुनेछ । नेपालको तुलनामा विदेशमा तलबभत्ताको आकर्षण राम्रो देखिएकाले ज्यानकै बाजी राखेर विदेश जानेको सङ्ख्या बढेको हो ।सरकार र राजनीतिक दलले अझै पनि ठोस कार्यक्रम ल्याउन सकेको देखिन्न । त्यो नभएपछि अवसरका खोजी र परिवार पाल्ने सिलसिलामा युवा विदेशिन बाध्य भएको पाटोलाई बुझ्न जरुरी छ । परिवर्तन मात्रै भनेर हुन्न, त्यसका लागि आवश्यक विधि, व्यवहार, संरचना र अभ्यास उपयुक्त छ कि छैन हेरिनुपर्छ ।
विगतका घटनालाई बिर्सेर अब नागरिक तहबाट समृद्धिको यात्रा र निराशा अन्त्य अभियान सुरु गरिनुपर्छ । सोही क्रममा मैले सुरु गरेको अँध्यारो भगाऔँ, उज्यालो छरौँ भन्ने सौर्यऊर्जा अभियानबाट झापामा ठूलो प्रभाव परेको छ । सौर्य प्रणालीबाट त्यहाँ झण्डै १० मेगावाट विद्युत् उत्पादन हुन थालेको छ । त्यो नमूना अभियानका रुपमा स्थापित भएको छ । अब हामीले 'भएन' भन्ने नकारात्मक सोच र सन्देश फैलाउन गफ मात्र गर्न भएन । 'हुन्छ' भन्ने सोचका साथ अघि बढेका मुलुक समृद्धिका शिखरमा पुगिसके । हुन्छ, सुरु गरौँ, जिम्मेवार बनौँ भन्ने बोली, व्यवहार र सोचका साथ अब नागरिकबाटै त्यसतर्फ पाइला चाल्नुपर्छ ।

# 'निर्वाचनलाई जीवन पद्धतिका रुपमा ग्रहण गरौँ'

**रासस**
**काठमाडौँ ।**
'निर्वाचनको सफलता, निर्वाचन शिक्षाको व्यापकता' भन्ने मूलनाराका साथ आठौँ निर्वाचन दिवस मनाइको छ । विसं २०१५ फागुन ७ गते नेपालमा आमनिर्वाचन प्रारम्भ भई बालिग नेपालीहरूले आफ्नो मताधिकार उपयोग गर्न पाएको महत्वपूर्ण दिनको स्मरण गर्दै निर्वाचन आयोगले सोमबार दिवस मनाएको हो । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले दिवसका अवसरमा आम मतदातामा निर्वाचन र मतदानको महत्वलाई मनन गरी निर्वाचनका क्रियाकलापमा सरिक हुनसदैव जागरूकता र प्रेरणा प्रदान गर्ने विश्वास व्यक्त गर्दै निर्वाचनलाई जीवन पद्धतिका रुपमा ग्रहण गर्न आग्रह गरेका छन् । 'स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवं मितव्ययी निर्वाचनः शान्ति, स्थिरता, समृद्धि र सुशासन'को मूलमन्त्रलाई आत्मसात् गर्दै आयोगले स्थापनाकालदेखि नै निष्पक्षता, स्वतन्त्रता, व्यावसायिकता र विश्वसनीयताको प्रत्याभूतिसहित निर्वाचन व्यवस्थापन गर्दै आएको छ । वर्तमान संविधान जारी भएपछि सम्पन्न दुई आवधिक निर्वाचन र विभिन्न समयमा सम्पन्न उपनिर्वाचन एवं राष्ट्रियसभा सदस्यको निर्वाचनबाट देशभर करिब ८३ हजार चार सय जनप्रतिनिधि निर्वाचित भएका आयोगले जनाएको छ ।



आवधिक निर्वाचनद्वारा बालिग मताधिकारको प्रयोग, निर्वाचन प्रणालीको क्रियाशीलता तथा जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक सङ्घीय शासन प्रणालीको सुदृढीकरणमा उल्लेख्य भूमिका निर्वाह भएको छ । निर्वाचनका माध्यमबाट नेपाली मतदाताले गोप्य मतदानद्वारा आफूले रोजेका प्रतिनिधिमार्फत शासन सञ्चालन गर्न पाउने नागरिक अधिकारको वैधता र सुनिश्चितता छ । वर्तमान निर्वाचन प्रणालीलाई मितव्ययी र कम खर्चिलो बनाउन, बढ्दै गएको निर्वाचन तथा प्रचारप्रसार खर्चलाई नैतिकता र इमान्दारिताको अभ्यास, स्वःनियन्त्रण पद्धतिको अनुशरण र सामाजिक सचेतनाको प्रयासबाट निस्तेज गर्ने विषयमा साझा संकल्प र इमान्दार प्रयत्नको खाँचो रहेको उनको भनाइ छ । राजनीतिक दल, आम मतदाता तथा सरोकारवालासँग यस विषयमा निरन्तर संवाद र अन्तरक्रिया गरी उम्मेदवारले गर्ने खर्चको सीमा निर्धारण र अनुगमन संयन्त्रलाई प्रभावकारी बनाउने विषयमा आयोग संवेदनशील रहेको आयोगको भनाइ छ । विगतका निर्वाचनको तुलनामा पछिल्ला निर्वाचन 'स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय एवम् मितव्ययी' हुँदै आएको आयोगको दाबी छ ।
आयोगको संस्थागत सुदृढीकरण, प्रविधियुक्त निर्वाचन व्यवस्थापन, निर्वाचनसम्बन्धी नीतिगत तथा कानुनी सुधारको पहल, निर्वाचनका क्रियाकलापमा नागरिकको पहुँच अभिवृद्धि, राजनीतिक दलको दर्ता र नियमनमा सुधार भइरहेको आयोगले उल्लेख गरेको छ । निर्वाचन व्यवस्थापन एवं नागरिक शिक्षामा समन्वय र सहकार्य तथा निर्वाचनमार्फत सङ्घीय लोकतान्त्रिक गणतन्त्रको कार्यान्वयन यस अवधिका देखिने र अनुभूत गर्न सकिने उपलब्धि हुन् । निर्वाचन व्यवस्थापनमा अवलम्बन गरिएका अभ्यास, विधि, पद्धति र संयन्त्रबाट निर्वाचन प्रणालीका अन्तरनीहित चुनौतीका साथै सुधारका मार्ग पहिचान गरी निर्वाचन व्यवस्थापन विधेयकको मस्यौदा नेपाल सरकारसमक्ष पेस गरिसकिएको आयोगको भनाइ छ ।निर्वाचनका लागि सार्वभौमसत्ता सम्पन्न मतदाता नै सर्वोपरी भएकाले मतदाता नामावलीको शुद्धता र दर्ता सहजीकरणका लागि स्थानीय तहबाटै मतदाता नामावली सङ्कलन गर्ने र विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम समावेश गर्ने कार्यविधिसमेत अगाडि बढाइएको छ । निर्वाचनको सफलता निर्वाचन शिक्षाको व्यापकताले निर्धारण गर्दछ भन्ने कुरालाई हृदयङ्गम गर्दै स्थानीय तहसँगको सहकार्यमा मतदाताको घर दैलोसम्म नै निर्वाचन तथा मतदाता शिक्षालाई सघन र प्रभावकारी बनाउन आयोग अग्रसर भएको छ । संविधानमा उल्लेख भएको समानुपातिक समावेशी सिद्धान्तको कार्यान्वयन एवम् समावेशीभित्रको समावेशीता र लैङ्गिक सवालको सम्बोधन गर्ने गराउने पक्षमा आयोग क्रियाशील छ । राजनीतिक दलको आन्तरिक लोकतन्त्र तथा संस्थागत सुशासनको सुचक्र स्थापित हुनुपर्नेमा आयोगले जोड दिँदै आएको छ ।
यसैबीच, आयोगले निर्वाचन दिवसका अवसरमा वर्षेभरमा उत्कृष्ट कार्य सम्पादन गर्ने १२ जना कर्मचारीलाई पुरस्कृत गरेको छ । पुरस्कृत हुनेमा आयोगका पाँच र मातहतका प्रदेश र जिल्लाका सात जना कर्मचारी छन् । सोमबार आयोजित कार्यक्रममा निर्वाचन आयुक्तद्वय डा जानकी तुलाधर र सगुन शम्सेर राणाले आयोगद्वारा प्रकाशित वार्षिक स्मारिक लोकार्पण गरे । उक्त स्मारिकामा निर्वाचनसँग जोडिएका १२ वटा लेख समावेश छ । सो अवसरमा आयुक्त डा तुलाधरले पछिल्लो समय निर्वाचनका माध्यमबाट मुलुक समावेशीकरणतर्फ उन्मुख भइरहेको बताइन् । आयोगका निमित्त सचिव यज्ञप्रसाद भट्टराईले आयोग पदाधिकारी, राजनीतिक र निर्वाचनमा संलग्न राष्ट्रसेवक कर्मचारीका निष्ठा र दृढताका कारण निर्वाचन स्वच्छ, स्वतन्त्र र मितव्ययी निर्वाचन बन्दै गएको बताए ।

# १८ खर्बको बजेटको स्रोत के छ ?



**रासस**
**काठमाडौँ ।**
राष्ट्रिय स्रोत अनुमान समितिले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि १८ खर्ब रुपैयाँको बजेट सीमा (सिलिङ) तोकेको छ । चालु आवको सुरुवाती विनियोजन भन्दा ५० अर्ब रुपैयाँ र अर्धवार्षिक समीक्षापछिको खर्चको अनुमान भन्दा दुई खर्ब ७० अर्ब रुपैयाँ ठूलो आकारको खर्चको सीमा निर्धारण गरिएको हो । ठूलो आकारको बजेट ल्याउने तर लक्ष्यअनुसार राजस्व सङ्कलन र खर्च गर्न नसक्ने विद्यमान परिस्थितिमा आगामी आवका लागि १८ खर्ब रुपैयाँको स्रोत कहाँबाट जुट्छ र खर्च कसरी हुन्छ भन्नेमा प्रश्न छ ।

सरकारले चालु आर्थिक वर्षका लागि १७ खर्ब ५१ अर्ब ३१ करोड ५१ लाख रुपैयाँ बराबरको बजेट विनियोजन भएको थियो । बजेटको अर्धवार्षिक समीक्षामार्फत् स्रोत र खर्चको अनुमान संशोधन गरेर १५ खर्ब ३० अर्ब २६ करोड रुपैयाँमा झारिएको छ । गत जेठमा बजेट ल्याउँदा तय भएको आम्दानी र खर्चको प्रक्षेपण माघ मसान्तसम्म आइपुग्दा करिब सवा दुई खर्बले आकार घटेको छ । अर्धवार्षिक समीक्षालगत्तै तयार भएको बजेट सिलिङ भने १८ खर्ब रुपैयाँको छ । आगामी आर्थिक वर्षका लागि राष्ट्रिय स्रोतको अनुमान तथा खर्चको सीमा निर्धारण गर्दा १२ खर्ब ४५ अर्ब रुपैयाँ बराबर सरकारी राजस्वको अनुमान गरिएको छ ।

जबकि चालु आवको बजेटका लागि सरकारले १२ खर्ब ४८ अर्ब ६२ करोड रुपैयाँ बराबर आन्तरिक राजस्व उठाउने गरी स्रोत देखाएको थियो । अर्थात्, चालु आर्थिक वर्षको सुरुवाती लक्ष्यभन्दा आगामी आर्थिक वर्षको राजस्व सङ्कलनको अनुमान करिब तीन अर्ब रुपैयाँले न्यून हो ।

त्यस्तै, आगामी आवमा दुई खर्ब ६० अर्ब रुपैयाँ बराबर वैदेशिक सहायता लिने अनुमान गरिएको छ । वैदेशिक सहायताको रकममध्ये ५० अर्ब रुपैयाँ अनुदान र दुई खर्ब १० अर्ब रुपैयाँ बाह्य ऋण उठाइनेछ । चालु आर्थिक वर्षमा सरकारले दुई खर्ब १२ अर्ब रुपैयाँ बराबर बाह्य ऋण उठाउने गरी बजेट स्रोत देखाएको थियो । आगामी आर्थिक वर्षमा आन्तरिक ऋणको सीमा दुई खर्ब ९५ अर्ब रुपैयाँ तोकिएको छ । चालु आवको बजेटमा आन्तरिक ऋण दुई खर्ब ४० अर्ब रुपैयाँ बराबर उठाउने उल्लेख
छ ।

राष्ट्रिय स्रोत अनुमान समितिले मध्यमकालिन खर्च संरचनाको अनुमान गर्दा आव २०८२/८३ का लागि २१ खर्ब रुपैयाँ र आव २०८३/८४ का लागि २४ खर्ब ५५ अर्ब रुपैयाँ बराबर खर्चको सीमा निर्धारण गरेको छ । आव २०८२/८३ को २१ खर्ब रुपैयाँको बजेटका लागि १४ खर्ब ५३ अर्ब रुपैयाँ आन्तरिक राजस्व, तीन खर्ब १२ अर्ब रुपैयाँ वैदेशिक सहायता र तीन खर्ब ३५ अर्ब रुपैयाँ आन्तरिक ऋण उठाइने अनुमान गरिएको छ ।

आर्थिक वर्ष २०८३/८४ का लागि २४ खर्ब ५५ अर्ब रुपैयाँको बजेट ल्याउँदा १७ खर्ब तीन अर्ब रुपैयाँ आन्तरिक राजस्व उठाउने, तीन खर्ब ७४ अर्ब रुपैयाँ वैदेशिक सहायता लिने र तीन खर्ब ७७ अर्ब आन्तरिक ऋण लिने लक्ष्य राखिएको छ ।

राष्ट्रिय स्रोतको अनुमान तथा खर्च सीमा निर्धारण गर्दा समितिले आगामी तीन आर्थिक वर्षको आर्थिक वृद्धिदरको पनि अनुमान गरेको छ । आगामी आर्थिक वर्षमा छ प्रतिशत, आर्थिक वर्ष २०८२/८३ मा साढे छ प्रतिशत, र आर्थिक वर्ष २०८३/८४ मा सात प्रतिशतको आर्थिक वृद्धिदर हासिल गर्ने लक्ष्य निर्धारण गरिएको हो । त्यस्तै, मुद्रास्फीति आगामी तीन आर्थिक वर्षमा समान साढे पाँच प्रतिशतको वाञ्छित सामीभित्र राख्ने अनुमान गरिएको छ । राजस्व वृद्धिदर आर्थिक वर्ष २०८१/२ मा १६ दशमलव चार, आर्थिक वर्ष २०८२/८३ मा १६ दशमलव आठ र आर्थिक वर्ष २०८३/८४ मा १७ दशमलव तीन प्रतिशत रहने अनुमान गरिएको छ । कुल गार्हस्थ्य उत्पादनको तुलनामा राजस्वको अनुपात आगामी तीन आर्थिक वर्षमा क्रमशः २१ दशमलव एक प्रतिशत, २२ प्रतिशत र २२ दशमलव नौ प्रतिशत रहने अनुमान गरिएको छ ।

आगामी आर्थिक वर्षको वार्षिक कार्यक्रम तथा बजेट र त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमाको लागि समष्टिगत तथा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण तथा स्रोत अनुमान तयार गर्दा विभिन्न विषयवस्तुलाई प्रमुख आधारका रूपमा लिएको छ ।

जसमध्ये, नेपालको संविधानमा उल्लेखित मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरू, आगामी सोह्रौँ योजनाका सोच, उद्देश्य, समष्टीगत तथा रूपान्तरणकारी रणनीति र प्रमुख हस्तक्षेपकारी कार्यक्रमहरू, नेपाल सरकार कार्यविभाजन नियमावली, २०७४ तथा चालु वर्षको नेपाल सरकारको नीति तथा कार्यक्रमका निरन्तरता दिनुपर्ने र राष्ट्रिय प्राथमिकताका कार्यक्रमहरू छन् ।

# विद्यार्थीको 'उत्पीडन' अन्त्य गर्न अमेरिकासँग बेइजिङको आग्रह



**एएफपी**
**बेइजिङ ।**
चीनका सार्वजनिक सुरक्षामन्त्रीले भियनामा भएको भेटमा अमेरिका प्रवेश गर्ने चिनियाँ विद्यार्थीमाथिको 'अपमानजनक व्यवहार' रोक्न अमेरिकी गृहसुरक्षा मन्त्रीलाई आग्रह गरेका छन् । यात्राका लागि वैध कागजात भएका चिनियाँ नागरिकलाई अमेरिकी विमानस्थलमा कडाइका साथ अनावश्यक सोधपुछ गर्ने गरेको र निर्वासनको सामना गर्नुपरेको बेइजिङले बारम्बार आरोप लगाउँदै आएको छ । गत महिना वासिङ्टनस्थित दूतावासले चिनियाँ यात्रुलाई राजधानीको डुलेस विमानस्थलबाट टाढै रहन भनेको थियो ।

चीनको सरकारी समाचार संस्था सिन्ह्वाका अनुसार वाङ सियाओहोङ र अलेजान्ड्रो मेयरकासबीच आइतबार भएको वार्ताको पूर्वसन्ध्यामा वासिङ्टनले 'कुनै स्पष्ट कारणबिना चिनियाँ विद्यार्थीलाई अपमानजनक व्यवहार र जाँच गर्न बन्द गर्नुपर्ने' बेइजिङले बताएको छ । मेयरकाससँगको भेटमा वाङले संयुक्त राज्य अमेरिकालाई 'चिनियाँ नागरिकहरूले उचित प्रवेश व्यवहार र पूर्ण सम्मानको आनन्द लिने सुनिश्चित गर्न' आग्रह गरेका थिए । वाङले चीनलाई लागुऔषध ओसारपसार गर्ने वा उत्पादन गर्ने प्रमुख देशको सूचीमा राख्ने अमेरिकी निर्णयलाई 'सच्याउन' मेयरकासलाई दबाब दिए ।

हेरोइनभन्दा कैयौं गुणा शक्तिशाली र संयुक्त राज्य अमेरिकामा वर्षेनी ७० हजारभन्दा बढी मानिसको मृत्यु हुने फेन्टानिलको व्यापारमा चीनको संलग्नता रहेको अमेरिकी अधिकारीहरूले आरोप लगाउँदै आएका छन् । गत महिना बेइजिङमा अमेरिकी र चिनियाँ अधिकारीहरूले फेन्टानिल बनाउने सामग्रीको उत्पादन रोक्न सहकार्य गर्न सहमत भएका थिए । आइतबारको वार्ताको एक अमेरिकी विज्ञप्तिमा भनिएको छ, 'वाङ र मेयरकासले पूर्ववर्ती रसायनहरूको फैलावट रोक्न आवश्यक कदमहरूबारे स्पष्ट र रचनात्मक छलफल गरेका थिए ।' दुवै पक्षले कानून कार्यान्वयन सहयोग, वैज्ञानिक र अन्य विशेषज्ञहरूबीच प्राविधिक द्विपक्षीय आदानप्रदान, अग्रगामी रसायनहरूको तालिका र बहुपक्षीय सहयोगलाई अगाडि बढाउने सम्बन्धमा पनि प्रतिबद्धता व्यक्त गरेका छन् । वासिङ्टन र बेइजिङले बालबालिकालाई अनलाइन बाल यौन शोषण र दुर्व्यवहारबाट जोगाउने लडाइँमा सहयोग विस्तार गर्ने विषयमा पनि छलफल गरेका छन् ।

वासिङ्टनले बेइजिङसँग वार्तालाई अघि बढाएपछि चीन र संयुक्त राज्य अमेरिकाबीचको सम्बन्ध विगत एक वर्षमा गहिरो भएको छ । तर चीन सरकार अझै पनि उन्नत सेमीकन्डक्टरको निर्यातमा प्रतिबन्ध र चिनियाँ फर्म र व्यक्तिहरूमाथि प्रतिबन्धसहित अमेरिकी उपायहरूको विरोध गर्दछ । गत साता म्युनिखमा भएको वार्तामा विदेशमन्त्री वाङ यीले अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनलाई अमेरिकाले 'गैरकानुनी एकतर्फी प्रतिबन्ध हटाउनुपर्ने' बताएका थिए । चिनियाँ विदेशमन्त्री वाङले अमेरिकालाई चिनियाँ नागरिकमाथि अवाञ्छित उत्पीडन र सोधपुछ बन्द गर्न पनि आग्रह गरेका छन् ।

# पपुवा न्यूगिनीमा जातीय भिडन्तमा ६४ जनाको मृत्यु

**एएफपी**
**सिड्नी ।**
पपुवा न्यू गिनीको उच्च पहाडी क्षेत्रमा भएको जातीय द्वन्द्वमा परी कम्तीमा ६४ जनाको मृत्यु भएको स्थानीय सञ्चारमाध्यमले सोमबार जानकारी दिएका छन् । पपुवा न्यूगिनीको स्थानीय पत्रिका पोस्ट कुरियरका अनुसार एङ्गा प्रान्तको वापेनामान्डाको प्रहरीले आइतबार बिहानदेखि सुरु भएको भिडन्तपछि सडक किनार, घाँसे मैदान र पहाडबाट ६४ जनाको शव फेला परेको पुष्टि गरेको छ । सुरक्षाकर्मीले झाडीमा अझै केही शव रहेको बताएका छन् ।

यसअघि अस्ट्रेलियाली समाचार संस्था एबिसी न्युजले आदिवासी समुदायबीचको भिडन्तमा कम्तीमा ५३ जनाको मृत्यु भएको र झाडीमा अझै धेरै मानिसको मृत शरीर रहेको हुनसक्ने बताएको थियो । रोयल पपुवा न्यू गिनी कान्स्टेबुलरीका कार्यवाहक सुपरिटेन्डेन्ट जर्ज काकासले भन्नुभयो, "मैले एङ्गामा देखेको यो अहिलेसम्मकै सबैभन्दा ठूलो सामुहिक हिंसा हो । एबीसी न्यूजका अनुसार सन् २०२३ मा ६० जनाभन्दा बढीको ज्यान लिने आदिवासी समुदायको लडाइँ यही जनजातिसँग सम्बन्धित रहेको बुझिएको छ । बढ्दो जनजातीय द्वन्द्व नियन्त्रणका लागि एङ्गा प्रान्तमा सन् २०२२ मा केही महिनाका लागि लकडाउन गरिएको थियो ।

# सहकारीलाई बदनाम गर्ने प्रयास भइरहेको छः ओली

**रासस**
**काठमाडौँ ।**
नेकपा (एमाले) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले देश विकासका लागि सहकारी क्षेत्रको महत्वपूर्ण भूमिका रहेको बताएका छन् ।

राष्ट्रसेवक सहकारी संस्था लिमिटेडको पाँचौँ राष्ट्रिय सहकारी भलालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले नेपालजस्तो देशको विकासका लागि सहकारी अपरिहार्य भए पनि पछिल्लो समयमा सहकारीलाई बदनाम गराउने प्रयास भइरहेकामा चिन्ता व्यक्त गरे । सहकारीको महत्व र गरिमालाई कायम राख्न यस क्षेत्रमा देखिएका विकृति हटाउन तथा सहकारीलाई बदनाम हुन नदिन सम्बन्धित सबै पक्ष सचेत हुनुपर्ने उनको भनाइ थियो ।

अध्यक्ष ओलीले गैरसहकारी व्यक्ति सहकारीमा प्रवेश गरेर ठगी धन्दामा लागेका तथा नाफा कमाउने व्यवशायका रुपमा सहकारीलाई प्रयोग गर्न खोजेको बताए । फरक प्रसङ्गमा अध्यक्ष ओलीले त्रिभुवन विश्वविद्यालयको उपकुलपतिमा योग्य र क्षमतावान व्यक्ति नियुक्ति गरिनुपर्ने खाँचो रहेको औँल्याए । उपकुलपतिमा भागबण्डा नगरी उपयुक्त व्यक्ति नियुक्त गरिनुपर्ने उनको भनाइ थियो । नेपालमा अझै पनि प्रजातान्त्रिक मूल्य, मान्यता र अभ्यासको खडेरी रहेको जिकिर गर्दै अध्यक्ष ओलीले आफ्नो पार्टीले नेतृत्व गरेको सरकारले बसालेको लोकतान्त्रिक थितिलाई निरन्तरता दिनुपर्नेमा जोड दिए ।

# नेदरल्यान्ड्ससँग नामिबिया पराजित



**मधेशदृष्टि**
**काठमाडौँ ।**
आइसिसी विश्वकप क्रिकेट लिग–२ को त्रिकोणात्मक शृंखला अन्तर्गत सोमबार भएको खेलमा नेदरल्यान्ड्सले नामिबियालाई सात विकेटले पराजित गर्दै प्रतियोगितामा पहिलो जित दर्ता गराएको छ । कीर्तिपुरस्थित त्रिवि क्रिकेट मैदानमा सोमबार भएको खेलमा नामिबियाले प्रस्तुत गरेको एक सय २४ रनको सामान्य लक्ष्य नेदरल्यान्ड्सले २७ दशमलव दुई ओरभमा तीन विकेट गुमाउँदै पूरा गर्यो । यस जितसँगै नेदरल्यान्ड्सले दुई खेलमा दुई अङ्क जोडेको छ । पहिलो खेलमा नेदरल्यान्ड्स नेपालसँग नौ विकेटले पराजित भएको थियो ।

समान दुई खेल नै खेलेको नामिबियाको पनि समान दुई अङ्क नै छ । पहिलो खेलमा नामिबियाले नेपाललाई चार विकेटले हराएको थियो । नेदरल्यान्ड्सको जितमा माइकल लेभिटले सर्वाधिक ५७ रनको योगदान दिए । उनले ८१ बल खेल्दै आठ चौका र दुई छक्का प्रहार गरे । त्यसैगरी म्याक्स ओडोउडले २८ रन बनाउदा बास डी लिडेले अविजित २१ रन बनाए । नामिबियाका लागि कप्तान जेरोर्ड एरास्मसले तीन विकेट लिए ।

टस हारेर पहिले ब्याटिङको निम्तो पाएको नामिबियाले ३५ दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै एक सय २३ रनको योगफल बनाएको थियो । नामिबियाका लागि जेजे स्मिथले २६, जान ग्रिनले १९, रुबेन ट्रम्पलम्यानले २०, निकोलस डाभिन र कप्तान जेरोर्ड एरास्मसले समान १३÷१३ तथा वेर्नार्ड स्कोल्ट्जले १२ रन बनाए ।

नामिबियालाई सस्तैमा समेट्नेक्रममा नेदरल्यान्ड्सका आर्यन दत्त एक्लैले छ विकेट लिए भने कायल केलिनले दुई विकेट झारे । त्यस्तै रोलेफ भान डेर मार्वे र म्याक्स ओडोउडले समान एक÷एक विकेट लिए ।

नेदरल्यान्ड्सको जितले नेपाललाई फाइदा पुगेको छ । नेपाल नेट रन रेटका आधारमा तालिकाको शीर्ष स्थानमा उक्लिएको छ । तीन वटै टोलीले २÷२ खेल खेलेकोमा १÷१ खेल जितेका छन् । नेपालले नामिबियासँग हारेको थियो भने नेदरल्यान्ड्सलाई हराएको थियो ।

प्रतियोगितामा नेपालले अब बुधवार नामिबिया र १३ गते आइतवार फेरि नेदरल्यान्ड्ससँग खेल्नेछ । आईसीसी क्रिकेट विश्व कप लिग–२ अन्तर्गत २०२४ देखि २०२७ सम्मको शृङ्खलामा ८ वटा टोलीले खेल्नेछन्, जसमा शीर्ष ४ वटा टोलीले सिधै विश्वकप छनोट खेल्न पाउनेछन् । पुछारका ४ वटा टोलीले प्लेअफ खेल्नुपर्ने हुन्छ ।

# यू–१६ क्रिकेटमा मधेश प्रदेश च्याम्पियन




**मधेशदृष्टि**
**पोखरा ।**
सुदूरपश्चिम प्रदेशलाई पाँच विकेटले हराउँदै मधेश प्रदेश तेश्रो मनमोहन स्मृति यु–१६ राष्ट्रिय क्रिकेट प्रतियोगिताको च्याम्पियन बनेको छ । पोखरा रंगशालास्थित क्रिकेट मैदानमा सोमबार सम्पन्न फाइनलमा सुदूरपश्चिमले प्रस्तुत गरेको ८७ रनको लक्ष्य मेधशले २०.४ ओभरमा पाँच विकेट गुमाउँदै भेटायो । मधेश प्रदेश दोश्रो पटक च्याम्पियन बनेको हो । मधेश प्रदेशले एमएम कपको पहिलो संस्करणमा समेत उपाधि जितेको थियो ।

मधेशका लागि प्रियाशुं कर्णले १३ रन बनाए । मोहमद अरमानले २० रनको योगदान दिंदा परिमार्जन यादवले ३० रनमा नट आउट रहे । सुदूरपश्चिमका लागि डम्वर माझीले २, निराजन गौतम र निरज ऐरले १–१ विकेट लिए । टस जितेर ब्याटिङ रोजेको सुदुर पश्चिम २०.२ ओभरमा सबै विकेट गुमाउँदै ८६ रन बनायो ।

सुदुर पश्चिमका लागि विशाल विष्टले २४, निराजन गौतमले १८ र सचिन साउदले १४ रन बाहेक अन्य ब्याटरले दोहोरो अंक छुन सकेनन् । सुदूरपश्चिमलाई अलआउट गर्न मधेशका धिरेन्द्र पासवानले ४ र रोहन यादवले ३ विकेट लिए ।फाइनल खेलमा मधेश प्रदेशका धिरेन्द्र पासवान म्यान अफ दि म्याच बने । च्याम्पियन भएसंगै मधेशले नगद १ लाखका साथमा ट्रफी हात पारेको छ भने उपविजेता सुदूरपश्चिमले नगद ५० हजारका साथमा ट्रफी प्राप्त गर्यो । प्रतियोगितामा मधेश प्रदेशका चन्दन राम प्लेयर अफ दि सिरिज घोषित भए । उनले प्रतियोगितामा ८३ रन बनाउनुकासाथै १० विकेट लिएका थिए । त्यसै गरी प्रतियोगितामा उत्कृष्ट बलर सुदुर पश्चिमका डम्बर माझी घोषित भए । उनले प्रतियोगितामा कुल १४ विकेट लिएका थिए ।

# रासससको जिउने सूत्र



**प्रा. रामकृष्ण रेग्मी**
**काठमाडौँ ।**

*इन्टरनेट युग, हातहातमा सञ्चारका साधन भएको स्थिति र सोसल मिडियाको बाहुल्य भएको आजको बेलामा यत्रतत्र सर्वत्र सूचना, समाचार चुहिरहेको अनुभव हुन्छ । जो सुकै पनि चाहेको बेलामा समाचारदाता बनिरहेको, तस्बीर सन्देश फिंजाइरहेको र भाइरलसम्म पनि हुन सकिरहेको अवस्थामा समाचार समिति अटाउने स्थान बाँकी छ र ! अनि यस्तो स्थितिमा समाचार समिति पत्रकारिता सान्दर्भिक होला र ? भन्ने प्रश्न उठ्नु स्वभाविक नै हो ।*

**अपेक्षा**

यी प्रश्न बारम्बार उठ्छन् । समाजका अगुवा, राजनीति चालक, सत्ता सञ्चालक, विद्वान, सञ्चारविद् र आमसञ्चार माध्यममा संलग्नहरु उपयुक्त उत्तर दिने प्रयासमा छन् । त्यस क्रममा उनीहरु सबैले समाचार समितिको उपस्थिति आवश्यक भएको महसुस गरेको छर्लङ्ग हुन्छ ।

हालै २०८० साल निस्कन लाग्दा लेखकसँग काठमाडौंमा भएको केही अलग अलग यथार्थ तर अनौपचारिक कुराकानीमा व्यक्त भएका तिनको भनाइको सार यसरी खिच्न सकिन्छ । निष्पक्ष सूचना प्रवाहका लागि, विश्वसनीय तथ्यका लागि, समसामयिक सन्दर्भका लागि, उचित विश्लेषणका लागि, न्यायोचित व्याख्याका लागि, भरोसापूर्ण खोजबिनका लागि, सार्वजनिक चासोका लागि, खुला दृष्टिकोणका लागि समाचार समिति त चाहिने रहेछ, अन्य माध्यमले त्यसको विकल्प हुन चाहेर पनि व्यावहारिक नहुने पो रहेछ । सूचनाको बाढीबीच वा सन्देशका हल्लामाझ पनि पाइने सूचना—अपूर्णता, जानकारी—अल्पता वा शून्यता, भ्रम, शङ्का, अर्थ—अस्पष्टता, दिशाहीनताका समाधान तिनले समाचार कलाबाट खोजिरहेछन् । खास घटना, विचार, नीति, गतिविधि, कार्यक्रमलाई सरल रुपमा बुझिने गरी अनि त्यसका आधारमा निर्णय गर्न सहजीकरण हुने वा सुसूचित हुनसक्ने शैलीमा समाचार उत्पादन हुनुपर्ने तिनको ठम्याइ हो ।

**समाचार कला**

त्यस्तो उत्पादनको लागि आवश्यक सीप —समाचार कला—समाचार समितिको विशेषता हो । समाचारका हर चरण अवलोकन, विषय विज्ञता, भाषा प्रयोग, छनोट, सङ्कलन, प्रस्तुति, प्याकेजिङ्ग, सम्पादन, गेटकिपिङ्ग तथा वितरणमा समाचार समितिको कुशलता पत्रकारितामा अद्वितीय नै मानिन्छ । त्रिसट्ठीऔं वार्षिकोत्सबमा रमाइरहँदा रासससका लागि उपर्युक्त प्रसंगबाट प्रेरणा लिने अवसर छ । ८० दशकको बाँकी वर्षका लागि भूमिका तय गर्न त्यसबाट थप ऊर्जा मिल्ला पनि । समाचारकला सन्देश सङ्कलनपूर्वको चिन्तनदेखि, खोजी, विश्वसनीय स्रोत सम्पर्क, सिर्जना वा प्रस्तुति वा पोस्टिङ्ग परसम्मका अनेक रिपोर्टिङ्ग सम्पादन डिजाइन फाँटमा फैलिएको हुन्छ । यस प्रसङ्गमा रासससमा संलग्न पत्रकारले कलम चलाउँदा, क्यामेरा क्लिक गर्दा, मोबाइल वा कम्पुटर किबोर्ड छुँदा र मुख खोल्दा सधैँ ध्यानमा राख्नु पर्ने शब्द हो राष्ट्रिय । यसले सङ्केत गर्ने मूल्य र मान्यताले रासससबाट सम्पूर्ण देशको विविधता, सूचना—आवश्यकता र आवाजलाई मुखरित गर्नुपर्ने अपेक्षा राख्छन् । समाचार प्रवाहमा समावेशीता, सदासयता र समानता भाव रहे मात्र सो सम्भव हुन जाने परिवेश तयार हुन्छ ।

अनि त्यस स्थितिमा सातै प्रदेश ७७ जिल्ला र विश्वका विविध स्थानमा बस्ने नेपाली सुसूचित हुनका लागि आवश्यक पहुँच र सहभागिताका अवसर खुल्छन् । राष्ट्रिय शब्दको हेक्का नराख्दा राासस सेवा खुम्चिने सम्भावना बढ्छ, बिहान १० बजेदेखि अपराह्न ५ बजेसम्मको औपचारिक जागिरे काममा परिणत हुने भय हुन्छ । अनि चौबीसै घण्टा सातै दिन र ३६५ दिन हुने सूचना प्रवाहको चुनौती बेहोर्न चाहिने उत्साह कहाँबाट पैंचो लिनु ? राष्ट्रिय शब्दलाई कार्यगत स्वरुप दिंदा समाचारलाई पठनीय वा ग्रहणीय मात्र होइन, दर्शनीय पनि पार्न सकिन्छ । सूचना प्रविधिका पछिल्ला उपकरण तथा सीपले तिनलाई प्रयोगकर्ताका लागि आकर्षक मात्र होइन, उपयोगी बनाउन पनि सम्भव छ ।

**अबिरल व्यायाम**

हो, यसका लागि राासस प्रतिनिधिहरु स्वयं जुर्मुराउनु पर्छ । प्रस्तुतिका अनेक आयामीय व्यायाममा जुट्नु पर्छ, कपी पेस्टको आदत बदल्नु पर्छ । प्रयोगकर्तालाई समय समयमा सुन्नुपर्छ, बुझ्नुपर्छ, समाचार सुंघ्ने, पहिल्याउने, उघार्ने सीपलाई तिखार्दै लैजानु पर्छ । सूचनाको प्रवाहकै लागि सञ्चारमाध्यमलाई पर्खिरहनु नपर्ने समयमा राससले व्यावसायिकस्तरलाई कायम राखेर मुलुकका तीनवटै तहका सरकारका गतिविधिका अतिरिक्त खोजी समाचारलाई प्राथमिकता दिन सक्नुपर्छ । सूचनाको प्रमाणीकरण गर्दै कुनै पक्षलाई हानी नपुग्ने गरी आम जनताको स्वार्थलाई केन्द्रमा राखेर प्रस्तुत हुन सक्नु नै समाचार समिति पत्रकारिताको विश्वव्यापी मान्यता रहेको छ । राासस जनशक्तिलाई समाचारकलामा निरन्तर फिट र पोख्त राख्नका लागि समय समयमा भाषिक, विषयक, प्रस्तुति शैलीगत सीपमा जानकारीमूलक अभ्यासका अवसर खोलिदिनु पर्छ, क्षमता वृद्धिको हुटहुटीलाई पूरा गर्नु अनिवार्य छ । यस्ता अभ्यासबाट निबन्धगत स्वरुपदेखि १४० वा २८० शब्दका ट्वीटरसम्मका संक्षिप्त सन्देस बोक्ने समाचार शैलीलाई प्रस्तुतिमा आवश्यकता अनुरुप अपनाउन चाहिने दक्षता मिल्छ । समाचार कलामा समय, प्रविधि, समाजको स्थिति, अनेक उमेरका नागरिकका आवश्यकता र आकांक्षा अनुरुप गतिशील हुन सक्ने सिर्जनात्मक सम्भावनाहरु थुप्रै भएको कुरा छापादेखि इन्टरनेटसम्मको सञ्चार यात्रा र सन्देश प्रवाहले पुष्टि गरेको कुरा हो । त्यही क्रम आर्टिफिसियल इण्टेलिजेन्स वा कृत्रिम वा यान्त्रिक बुद्धिको बाहुल्य भएको अहिलेको अवस्थामा पनि कायम छ । प्रस्तुति शैलीमा परिवर्तन ल्याउने सिलसिला दिगो रुपमा चलाइरहँदा राासस जीवन्त भइरहन्छ, सचेत रहिरहन्छ, र सान्दर्भिक बनिरहन्छ । समाचार कलाका आलोचकहरुले औंल्याउने बुँदामा सुघार ल्याउन पनि त्यसबाट सहजीकरण हुन्छ नै ।

स्रोतको विश्वसनीयता, हिजोका असल अभ्यास र आजका सिर्जनात्मक शैलीलाई उनेर समाचार प्रवाह गर्दा रासससलाई अहिलेको नेपालका पालिकाका चाहना, प्रदेशका सम्भावना तथा सङ्घीय नीति, योजना र कार्यक्रममा आवश्यकतानुसार प्रकाश पार्न सम्भव हुनेछ । अनि त्यहींनिर भेटिनेछ नेपालीलाई सूचना सशक्त पार्न रासससबाट मिल्ने योगदान र त्यहींनेर फेला पर्नेछ समाचार समिति पत्रकारिताको सान्दर्भिकता ।


## कम्पनीको नाम परिवर्तन भएको सूचना

**(तेस्रो पटक प्रकाशित मितिः२०८०/११/०८)**

रोजमरी कन्भेन्ट स्कूल धनुषा प्रा.लि. **(Rosemary Convent School DhanushaPvt.Ltd.)** को मितिः२०८०/११/०१ मा सम्पन्न विशेष साधारण सभाको निर्णयले कम्पनीको नाम परिवर्तन गरी अभिलेखको लागि पठाईएकोमा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मितिः २०८०/११/०२ को निर्णयले प्राप्त स्वीकृति अनुसार साविकको नाम परिवर्तन गरी **शारदा एकेडेमी धनुषा प्रा.लि. (Sharda Academy Dhanusha Pvt.Ltd.)** कायम गरिएको छ । साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोरा भएकोले सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## शारदा एकेडेमी धनुषा प्रा.लि.

**जनकपुरधाम उपमहानगरपालिका वडा नं.७, धनुषा**
**फोन नम्बर ९८१७६११०६९**


# समय सापेक्षतामा समाचार समिति

**श्रीरामसिंह बस्नेत**
**काठमाडौँ ।**

विश्व पत्रकारिता जगत्मा समाचार समितिको आफ्नै अहम् स्थान रहिआएको छ । यद्यपि समाचार समिति पत्रकारिताको प्रादुर्भाव दुई शक्तिशाली देशबीचको ऐतिहासिक युद्धपछि सिर्जित विषम परिस्थिति र बाध्यताको उपजको रुपमा भएको हो । सन् १८१५ मा बेलायत र फ्रान्सबीचको युद्धमा फ्रान्सको पराजय भयो । वाटर लु (त्यतिखेर बेलायत अधिनस्थ निदरल्याण्डस्मा पर्ने वाटर लु अहिले बेल्जियममा पर्दछ) को युद्धको नामले विश्व इतिहासमा चर्चित त्यस युद्धले फ्रान्सका शासक नेपोलियन बोनापार्टको अवसान गरायो । उनको अवसानसँगै फ्रान्स र बेलायतमात्रै होइन सिङ्गै युरोपको धेरै पक्षमा परिवर्तन आयो । युद्धअघिसम्म नेपोलियनको पक्षमा रहेर उनलाई नजिकबाट सघाइरहेका आफ्नो आगामी दिन सुरक्षित बनाउन विभिन्न बाटो लागे । कोही देश छोडेर पलायन भए, कोही पेशा परिवर्तन गरेर आफ्नो भाग्य अजमाउन लागे । युद्धमा पराजित नहुञ्जेलसम्म नेपोलियनका सेनालाई रासन र बन्दोबस्तीका सामान आपूर्ति गरेर राम्रो आयआर्जन गरिरहेका चाल्र्स लुइस हवासको युद्धपछि त्यो कारोबार बन्द भयो । उनी जीविकोपार्जनका लागि नयाँ काम खोज्न बाध्य भए । तर हवास हरेस खाने किसिमका मानिस थिएनन् । उनी परिस्थितिको सही आँकलन गरेर पाइला चाल्न सक्षम व्यवसायी थिए । त्यसैले उनले समाजमा समाचार, विचार र समसामयिक विषयका चर्चा प्रति बढ्दो जनअभिरुचिलाई दृष्टिगत गरी समाचार आपूर्तिको व्यवसाय गर्ने नयाँ सोच बनाए र सन् १८१६ देखि फ्रान्सको राजधानी पेरिस नगरीमा कार्यालय नै खोली त्यस्ता सामग्रीको सङ्कलन, अनुवाद र वितरण गर्ने नयाँ काम प्रारम्भ गरे । ती सामग्री प्रमुख पत्रपत्रिका र प्रमुख कार्यालय र व्यापारिक संस्थालाई सःशुल्क वितरण गर्ने नौलो कामबाट हवासलाई राम्रै फाइदा भयो । यो काम गर्ने कार्यालयलाई उनले सन् १९३२ मा ब्यूरो हवास नाम दिए र अनुवाद सेवामा मात्र सिमित नरही केही युवा पत्रकारहरुलाई परिचालन गरी समाचार सङ्कलन र सम्पादन गरी आफ्नै स्वतन्त्र समाचार सेवा दिन थाले । सो व्यवसाय विस्तारै फस्टाउँदै गएपछि सन् १८३५ मा त्यसको नाम परिवर्तन गरी 'एजेन्से फ्राँसे प्रेसे' नाम दिइयो जसलाई छोटकरीमा एएफपी भनेर संसारभर चिनिन्छ । यो नै विश्वको पहिलो समाचार एजेन्सी हो । यसैलाई पछ्याउँदै सन् १८४८ मा अमेरिकाका एसोसिएटेड प्रेस र सन् १८५१ म बेलायतमा रोयटर्स नामका समाचार एजेन्सीहरु सञ्चालनमा आए । यसरी युद्धको विभिषिकाबाट जन्मेको व्यवसाय आधिकारिक र विश्वसनीय समाचार सम्प्रेषणका लागि विश्वभर स्थापित हुन गयो । दक्षिण एसियामा पनि एजेन्सी पत्रकारिताको आफ्नै इतिहास रहेको छ । यसको श्रीगणेश भारतबाट भएको हो । भारतमा अङ्ग्रेज साम्राज्य चलिरहेकै बेलामा समाचार एजेन्सीको वीजारोपण गरिएको थियो, सन् १९१० मा एसोसिएटेड प्रेस अफ इण्डियाको नामबाट । पछि भारत स्वतन्त्र भएको लगत्तै सन् १९४८ मा प्रेस ट्रस्ट अफ इण्डिया(पिटिआई) को स्थापना भयो । दुई शताब्दीको वैदेशिक शासनसत्ताबाट मुक्ति



पाएको भारतमा आफ्नै स्वतन्त्र र स्वाधीन समाचार एजेन्सी स्थापना हुनु एक समयसापेक्ष कदम थियो । अर्को शक्तिशाली राष्ट्र चीनले पनि समाचार एजेन्सीको महत्व पहिलेदेखि नै बुझेकोले सन् १९३१ मै रेड चाइना न्यूज एजेन्सी स्थापना भएको थियो । पछि सन् १९३७ मा यो सिन्ह्वामा रुपान्तरित भयो । चीनले खुला अर्थ नीति अपनाउन थालेपछि सिन्ह्वालाई अन्तर्राष्ट्रिय सञ्जालसहितको समाचार एजेन्सीका रुपमा विस्तार गरियो । विश्व बजारले उपयोग गर्ने प्रायः हरेक वस्तु र सेवाको उत्पादन र वितरणमा अग्रणी बन्ने नीति अँगालेको आधुनिक चीनले सिन्ह्वाको माध्यमबाट समाचारलाई पनि समय सापेक्ष बिकाऊ सामान (कमोडिटी) का रुपमा विश्व मिडिया बजारमा बेचिरहेको छ । नेपालमा पनि एजेन्सी पत्रकारिताले साढे छ दशकको इतिहास बनाइसकेको छ । विसं २०१६ मा स्थापित नेपाल संवाद समिति (नेसस) बाट नेपालमा समाचार समिति पत्रकारिताको इतिहास प्रारम्भ भएको पाइन्छ । यसको आवश्यकताको महसुस भने २०१५ सालमा गठित शाही प्रेस आयोगले गरेको थियो । नेससलाई पछ्याउँदै २०१६ सालमा सगरमाथा संवाद समिति (ससस) पनि अस्तित्वमा आयो । यसैबीच २०१७ सालको राजनीतिक परिवर्तनबाट देशका सबैजसो क्षेत्रमा केही सकारात्मक, केही नकारात्मक परिवर्तन आए । आमसञ्चारका क्षेत्रमा आएको एक सकारात्मक परिवर्तनको रुपमा नेसस र सससलाई गाभेर २०१८ सालमा राष्ट्रिय संवाद समिति (रासस) को स्थापना गर्नुलाई लिन सकिन्छ । कमजोर आर्थिक धरातलमा धर्मराएर निजी प्रयासबाट चलिरहेका दुई समाचार एजेन्सीलाई गाभेर भरपर्दो सरकारी संस्थागत आधारसहितको रासस स्थापना गर्नु एक समयसापेक्ष कदम थियो भन्ने कुरा राससको छ दशकको अविराम यात्राबाट पुष्टि हुन्छ ।

**आजका चुनौती**

अत्यन्तै दुरत गतिमा विकास भइरहेका सञ्चार प्रविधिका कारण पहिला कल्पनासम्म पनि गर्न नसकिएका सुविधा आज सर्वसाधारणको हातहातमा पुगेका छन् भने अर्कोतर्फ नसोचेका चुनौतीहरु पनि थपिएका छन् । राससमा २०५०–५१ सालसम्म टाइपराइटरमा स्टेनसिल पेपर र कार्बन पेपर राखेर औलाको टुप्पो दुख्ने गरी टाइपका किहरु ठोकेर समाचार सिट तयार गरिन्थ्यो र त्यही स्टेनसिलबाट लिथो प्रविधिद्वारा समाचार बुलेटिन प्रकाशित गरी सेवाग्राही आमसञ्चार माध्यमहरुसमक्ष पु¥याइन्थ्यो । कम्प्युटर प्रविधिमा प्रवेश गरेपछि यो प्रणालीको अन्त्य भयो । प्रविधिले ल्याईदिएको यो युगान्तकारी परिवर्तन थियो । आज समग्र आमसञ्चार जगत् अत्याधुनिक प्रविधिले सुसज्जित छन् । प्रविधिमा जसको पहुँच छैन ऊ अब टिक्न नसक्ने स्पष्ट छ । यतिमात्र होइन, अकल्पनीय प्रविधिले गर्दा पत्रकारिताकै परम्परागत परिभाषा फेरिन गएको छ । आज मुद्रित पत्रपत्रिका, प्रसारण माध्यम मात्र पत्रकारिता होइनन्, अज्ञात नेपथ्यमा रहेको अदृष्य प्रविधिको माध्यमबाट सञ्चालन हुने अनलाइन र सोसिएल मिडिया अग्रपङ्क्तिका पत्रकारिता माध्यम बन्न पुगेका छन् । त्यसैगरी मोबाइल सेट सर्वसाधारणको पहुँचमा पुगेपछि अहिले समाचार र विचार सम्प्रेषणका लागि आधिकारिक मान्यताप्राप्त पत्रकार वा सञ्चारकर्मी नै हुनुपर्छ भन्ने छैन, हरेक व्यक्ति समाचार र विचार सम्प्रेषण गर्न सक्ने भएका छन् । एजेन्सीका लागि मात्र होइन सबै किसिमका मिडियाका लागि यो स्थिति निकै चुनौतीपूर्ण बनेको छ । समाचार एजेन्सीको मूल आदर्श 'स्पिड एण्ड एक्युरेसी' अर्थात् द्रुतगति र सत्यतथ्य हो । विगतदेखि यही मान्यता चलिआएको छ । विश्वमा कहिलिएका एजेन्सीहरु कुनै महत्वपूर्ण समाचार ब्रेक गर्दा मिनेट होइन केही सेकेण्ड भए पनि आफू अगाडि हुन प्रतिस्पर्धा गर्दछन् । तर अब यो मान्यतामा पुनर्विचार गर्नुपर्ने अवस्था आएको छ, अनलाइन र सोसियल मिडियाका कारण । किनकि 'स्पिड' मा अब समाचार एजेन्सी पछि परिसक्यो, अनलाइन र सोसियल मिडियाले एजेन्सीलाई उछिनेको देखिन्छ । तर 'एक्युरेसी' मा भने समाचार एजेन्सीहरु नै धेरै अगाडि छन् । अब एजेन्सीहरुले छिटोका लागि भन्दा सत्यतथ्य र विश्वसनीयताका लागि आफ्नो क्षमता देखाउनु पर्ने अवस्था आएको छ । कोभिड–१९ ले ल्याएको विश्वव्यापी सङ्कटका कारण संसारमा धेरै नकारात्मक प्रभाव पा¥यो र त्यसको असर अझै बाँकी नै छ । मुख्यत त्यस महामारीले आर्थिक क्षेत्रमा पारेको प्रतिकूल असर निकै गम्भीर रहन गयो । फलस्वरुप कैयौँ कारोबारहरु यात बन्द भए या शिथिल । कोभिड–१९ को मार खाने एक क्षेत्र मिडिया पनि हो । कोभिडका कारण छाएको आर्थिकमन्दीले धेरै मिडिया बन्द भए भने कोही 'डाउन साइज' मा झर्न बाध्य भए । यसरी समाचार सेवाका उपभोक्ता घट्दा वा कमजोर हुँदा समाचार एजेन्सीको उपयोगिता र माग पनि स्वतः घट्न जान्छ । यो एक गम्भीर चुनौती हो । कुनै महामारी, लामो युद्ध, द्वन्द्व मात्र होइन, लामो समयको आर्थिक मन्दी र राजनीतिक अन्योलले समेत प्रत्यक्ष वा परोक्ष रुपमा मिडिया बजारलाई असर पार्न थालेको छ । अहिले कतिपय मिडियालाई अघि बढ्न त परै जाओस् पहिलाकै आसनमा अड्न समेत हम्मेहम्मे परिरहेको देखिएको छ । यस्तो अवस्था बढ्दै र लम्बिदै गयो भने समाचार एजेन्सीहरुलाई पनि आफ्नो अस्तित्व जोगाउन कडा सङ्घर्ष गर्नुपर्ने अवस्था नआउला भन्न सकिन्न । वास्तवमा एजेन्सी पत्रकारिता आर्थिक बाध्यताको उपज हो । सबैखाले मिडियाले सबै स्थानमा आफ्ना समाचार प्रतिनिधिहरु राखेर समाचार सङ्कलन गर्न आर्थिक र व्यवस्थापकीय कारणले सक्दैनन् । त्यसैले आफ्ना प्रतिनिधि नभएका स्वदेश वा विदेशका स्थानहरुका समाचार र समाचार सामग्री एजेन्सीमार्फत प्राप्त गर्दा मिडियाहरुलाई धेरै किफायत पर्दछ । यही कारण मिडियाहरु समाचार एजेन्सीको ग्राहक बन्छन् । यो स्थितिमा परिवर्तन आएमा एजेन्सीहरुले वैकल्पिक उपाय खोज्नुपर्ने अवस्था आउँछ । विगतमा युरोपमा भर्खर भर्खर टेलिग्राफ प्रविधि प्रचलनमा आएको बेलामा (सन् १८५० तिर) यो निकै महँगो थियो । एउटा पत्रिकाले आफूले मात्र प्रयोग गर्ने गरी टेलिग्राफ राख्न सक्ने अवस्था थिएन । त्यसैले एजेन्सीको टेलिग्राफमार्फत समाचार प्राप्त गर्न पनि पत्रपत्रिकाहरु एजेन्सीका सेवाग्राही बन्न बाध्य भएका थिए ।

**अबको बाटो**

व्यक्तिको जीवनमा जस्तै राष्ट्र, समाज र व्यवसायको जीवनमा पनि उतारचडाव आइरहनु स्वभाविकै हो । समय सधैँ एकनास रहँदैन । तर प्रतिकूल समयमा पनि आफू नडग्मगाई टिक्न सक्ने बलियो रणनीति सबैसँग हुनु अत्यावश्यक छ । यसका लागि सबैभन्दा प्रमुख रणनीति

भनेको आफूलाई समयसापेक्ष बनाउन सक्नु नै हो । समयसापेक्ष बन्न सकेमा पलायन हुन पर्दैन । जहाँसम्म नेपालमा समाचार एजेन्सी पत्रकारिताको सवाल छ, त्यसको धरातल बलियो छैन । यहाँ राससको मात्र कुरा गर्न खोजिएको होइन । समाचार एजेन्सी पत्रकारिताबारे राज्यकै दृष्टिकोण र स्पष्ट नीतिको अभाव रहेको स्थितिप्रति इङ्गित गर्न खोजिएको हो । मूल कुरा हाम्रो राज्यले एजेन्सी पत्रकारिताबारे स्पष्ट नीति र दृष्टिकोण नै अहिलेसम्म बनाउन सकेको छैन । समग्र पत्रकारिताकै एक सानो नगन्य अंशको रुपमा मात्र यसलाई लिइएको छ । पञ्चायती व्यवस्था लागू गरिएको सन्दर्भमा निर्मित रासस ऐन २०१९ कै भरमा अहिलेसम्म रासस चलिरहेको छ । समयसापेक्ष हुने गरी राससको नयाँ ऐन बनाउने प्रयासले मूर्तरुप लिन बाँकी नै छ । सरकारले राससका अतिरिक्त समाचार एजेन्सीकै प्रकृतिको काम गर्न अन्य निकायलाई पनि अनुमति त दिएको छ तर जस्केलाबाट । किनकि रासस ऐन राससका लागि मात्र हो, अरुका लागि होइन । यदि राससबाहेक अरुलाई पनि एजेन्सी पत्रकारिता गर्ने आधिकारिक मान्यता दिने हो भने समाचार एजेन्सीसम्बन्धी अलग ऐन आउनु नितान्त आवश्यक छ । सरकारले कानुनी पाटोमा दुईवटा ऐन ल्याउनु जरुरी छ– एउटा रासस ऐन २०१९ लाई विस्थापित गर्ने गरी नयाँ रासस ऐन र अर्को समाचार एजेन्सी प्रकृतिका काम गर्ने निजी वा गैरसरकारी क्षेत्रका अन्य सबै एजेन्सीलाई नियमन गर्ने नयाँ ऐन । एजेन्सी पत्रकारिताले आफ्नो जीवन दिगो र सुरक्षित बनाउने हो भने अब बहुआयामिक सेवातर्फ अग्रसर हुनु अपरिहार्य छ । अब पनि उहाँले भन्नुभयो' "उहाँले गर्नुभयो' जस्ता 'प्रोटोकल जर्नलिज्म' मै रुमल्लिरहने हो भने न्यूज एजेन्सीको पनि सटर बन्द हुन धेरै समय लाग्ने छैन । 'इभेन्ट' र 'इन्सिडेन्स' का समाचार रिपोर्टिङलाई मात्र प्राथमिकता दिनुको साटो 'इस्सु'लाई महत्व दिएर फिल्ड रिपोर्टिङ, इनडेप्थ रिपोर्टिङ, इन्भेस्टिगेटिभ रिपोर्टिङ आदिलाई उच्च प्राथमिकता दिनु जरुरी छ । समाजमा उजागर हुनै पर्ने तर हुन नसकेका अनगिन्ति क्षेत्र र विषयहरु छन् । तिनलाई 'प्रो एक्टिभ जर्नलिज्म' को मान्यताअनुसार उजागर गर्न सकेमा एजेन्सीले आफूलाई समयसापेक्ष बनाईराख्न सक्नेछ । परम्परागत समाचार शैलीलाई आधुनिकीकरण गर्नु र मुख्यतः समाचार सामग्रीको विषयवस्तुमा नवीनता ल्याउनु आवश्यक छ । आजका ११ र १२ कक्षाका विद्यार्थीहरु देशका निकट भविष्य हुन् । तर अपसोचका साथ भन्नुपर्छ कि उनीहरु हाम्रा मिडियाका समाचार सामग्रीप्रति आकर्षित छैनन् । गहिरोसँग सोच्ने हो भने यो निकै ठूलो चुनौती हो र समग्र मिडियाकै भविष्यका लागि खतराको सङ्केत । समाचार एजेन्सी र अन्य मिडियाले पनि ती युवा, विद्यार्थी वर्गलाई आकर्षित गर्न सक्ने सब्जेक्ट र कन्टेन्ट दिनसक्नुपर्छ । आफ्नो देश र समाजप्रति नवयुवा वर्गलाई उदासिन र बेखबर बन्न नदिने दायित्व मिडियाको हो । नवयुवा वर्गलाई देशको चासो नहुने तर विदेशको भने एक एक चासो हुने स्थिति लम्बियो भने त्यसले भविष्यमा दुखद् दृष्य देखाउने छ । समाचार एजेन्सी मात्र होइन, अहिले समग्र पत्रकारिता नै एकप्रकारको अन्योल, अराजकता र अस्थिरताको चरणबाट गुज्रिरहेको छ । यो अझ लम्बिन पनि सक्छ, सबै पक्षले बेलैमा विचार पु¥याएर प्रभावकारी कदम चालेमा छोटिन पनि सक्छ । सबैभन्दा मुख्य कुरा पत्रकारिताले आफ्नो धर्म छोड्नु हुँदैन । आर्थिक लाभ, राजनीतिक लाभ र विभिन्न अवसरको क्षणिक लाभलाई मात्र लक्ष्य बनाएर पत्रकारिता गर्ने हो भने पछि पछुताउनसमेत ठाउँ नरहन सक्छ ।

# मधानी महायज्ञको तयारी तीव्र



**मधेशदृष्टि**
**रौतहट ।**
मधानी महायज्ञलाई लक्षित गर्दै रौतहटको मौलापुर नगरपालिका अन्तर्गत सरसफाइ अभियान सुरु भएको छ । मौलापुरस्थित पुरातात्विक महादेव मन्दिरलाई विश्व सम्पदा सूचीमा समावेश गराउन महाशिवरात्रीको अवसरमा आयोजना हुँदै आएको मधानी महायज्ञलाई लक्षित गर्दै सरसफाइ अभियान सुरु भएको हो । मौलापुर नगरपालिकाको जगको रूपमा मनाइने मधानी महोत्सवको उपलक्ष्यमा घरघरमा अतिथि पाहुनाहरु आउने भएकोले सरसफाइ अभियानमा सहभागी हुन मेयर रिना कुमारी साहले सम्पूर्ण नगरबासीलाई आग्रह गरेकी छन् । 'हाम्रो नगर, सुन्दर सहर' अभियानका रुपमा नगरका मूल हाइवेदेखि ठूलो सानो सबै भित्री सडक समेत सरसफाइ गर्ने अभियान शनिबारदेखि सुरु भएको हो । पुरै नगरलाई सफा र सुन्दर बनाउने यो सरसफाई अभियान लगातार १ महिना चल्ने मेयर साहले जानकारी दिएकी छन् ।

पूर्व मन्त्री तथा आमजनता पार्टीका अध्यक्ष प्रभु साहको पहलमा २०७६ सालदेखि मौलापुर नगरपालिकामा मधानी महायज्ञको आयोजना हुँदै आएको छ । पहिलो वर्ष तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारी प्रमुख अतिथि बनेर मधानी महायज्ञको उदघाटन गरेकी थिइन् ।

महाशिवरात्रीको अवसरमा भगवान शिवको बिशेष पूजा मधानी महायज्ञ हुने गर्दछ । हजारौं भक्तजनहरू महादेव स्थानमा जल चढाउने गर्दछन् । परापूर्वकालदेखि रौतहट, बारा, पर्सा र सर्लाहीमा मात्र मधानी महायज्ञ हुने गरेको थीयो ।

तर मौलापुरमा सप्ताहव्यापी रुपमा मधानी महायज्ञ हुन थालेपछि अहिले अन्तर्राष्ट्रियकरण भएको मौलापुरका प्रमुख प्रशासकीय अधिकृत रामबाबु साहले बताए । मौलापुरमा हुने साताव्यापी कार्यक्रममा धार्मिकसंगै सांस्कृतिक पक्षलाई पनि विशेष महत्व दिने गरिन्छ । उक्त अवसरमा भारतीय सिने जगतका सुपर स्टारसँगै नेपाली सिने जगतका सुपर स्टार नायक नायिकाहरु मौलापुरमा प्रस्तुती दिने गर्दछन् ।

# प्रजातन्त्र दिवस मनाइयो

**मधेशदृष्टि**
**वीरगंज ।**
देशभक्त राजभक्त समूह पर्साले प्रजातन्त्र दिवस तथा पूर्व रानी कोमल शाहको ७४ औं जन्मोत्सव मनाएको छ । वीरगंज स्थित महावीर मन्दिरको प्राङ्गणमा आयोजित कार्यक्रममा ७४ औं जन्मोत्सव तथा प्रजातन्त्र दिवस विविध कार्यक्रमको आयोजना गरी मनाईएको हो । सोमबार देशभक्त राजभक्त समूहका अध्यक्ष दिपेन्द्र प्रसाद रौनियारको अध्यक्षतामा सम्पन्न कार्यक्रममा उपाध्यक्ष सतिश श्रीवास्तव, पूर्व जिविस सभापति शम्भु चौरसिया, पृथ्वी झा, रामनारायण प्रसादसाह, मोहन प्रसाद साह, नन्दकिशोर गोयल, गोपाल श्रेष्ठ, किसन रौनियार, पुरनदेव प्रसाद यादव, कमल घिमिरे लगायतको उपस्थिति रहेको थियो । यसैबीच प्रजातन्त्र दिवस तथा पूर्व रानी कोमल शाहको जन्मोत्सवका अवसरमा सोमबार नेपाल राष्ट्रवाद संघले बीरगंजमा शुभकामना र्‍याली निकालेको थियो । नेपाल राष्ट्रवाद संघका केन्द्रीय अध्यक्ष जनक लाल शाहको अध्यक्षतामा सम्पन्न कार्यक्रममा संघका जिल्ला अध्यक्ष संगीता देवी शाह, उमाशंकर प्रसाद, पृथ्वी झा, राजेन्द्र पाल, बजरंगवली साह, राधा कृष्ण चौहान, रामनारायण साह, विन्ता देवी, मदन ठाकुर लगायनको उपस्थिति रहेको थियो ।

# कैदीबन्दीले पाएनन् आममाफी

विगतका बर्षहरुमा प्रजातन्त्र दिवसको अवसरमा वीरगंज कारागार लगायत देशभरका कारागारबाट कैदीबन्दीहरुले आम माफी तथा सजाय मिनाहा पाउने प्रचलन रही आएकोमा यस पटक कसैलाई पनि सरकारले आम माफी नदिदा कैदीबन्दीहरु प्रभावित भएका छन । नेपाल सरकार मन्त्रिपरिषद्को सिफारिस अनुसार प्रजातन्त्र दिवसको अवसरमा राष्ट्रपतिद्वारा कैद मिनाहा गरिने प्रचलन थियो । तर, यस पटक कारागारहरुमा कैद मिनाहाका लागि गृहमन्त्रालयद्वारा कुनै पत्र नआएको र कैद सिफारिस समेत नभएको वीरगंज कारागारले जनाएको छ ।

# कर्णालीमा खाद्यान्नको चरम अभाव



**रासस**
**जाजरकोट ।**
कर्णाली प्रदेशमा खाद्य व्यवस्था तथा व्यापार कम्पनीका डिपोमा चामल नहुँदा रित्ता भएका छन् । चामलको अभावमा डिपो, बिक्री केन्द्र रित्तै भएको लामो समय भए पनि अहिलेसम्म चामल पुग्न सकेको छैन । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले चामल खरिदका लागि दुईपटक बोलपत्र गरेपनि ठेक्का कसैले नलिँदा चामल अभाव भएको कम्पनीका कर्णाली प्रदेश प्रमुख माधव मिश्रले जानकारी दिए । कर्णालीमा सबैभन्दा बढी अरुवा मोटा चामल माग भए पनि चामलको चरम अभाव भएको प्रमुख मिश्रले बताए । महँगो रकम पर्ने स्टीम जिरा मसिनो चामल केहीमात्रामा भए पनि चामल बिक्री नहुने भएकाले अरुवा मोटा चामल नै सबैभन्दा बढी कर्णालीमा माग हुने गरेको छ । जिल्ला सदरमुकाममा रहेका कारागार शाखामा समेत चामल प्रयोग हुन्छ । डिपोमा चामल नहुँदा दिन नसक्ने अवस्थामा पुगेको प्रमुख मिश्रले सुनाए । महँगोमा खरिद गरेर सस्तोमा कसरी दिने भन्ने समस्या भएको उनको भनाइ छ । भूकम्पबाट प्रभावित जाजरकोटका चार बिक्री केन्द्र र चार डिपो चामलको अभावमा रित्ता रहेको जिल्ला कार्यालयका प्रमुख रामप्रसाद पौडेलले बताए । मसिनो चामल प्रतिकेजी ९२ रुपैयाँमा बिक्री हुन्छ । ती चामल स्थानीयवासीले नरुचाएको उनले सुनाए । जाजरकोटमा अरुवा मोटा चामल ५४ रुपैयाँमा पाइन्छ । यसको माग धैरै रहेको उनको भनाइ छ । भूकम्पका कारण उठीबास भएर अस्थायी टहरामा बसिरहेका पीडित दैनिक चामल लिन आए पनि डिपोमा चामल नहुँदा रित्तो हात फर्कनुपर्ने बाध्यता सिर्जना भएको छ । बजारमा चामल किन्दा भारीमात्रामा महँगो छ । खाद्यमा जाँदा चामल नपाउँदा समस्या भएको बारेकोट गाउँपालिका–५ का प्रेम शाहीले गुनासो गरे । जति महँगो भए पनि बजारकै चामल ल्याएर प्रयोग गर्नुपर्ने बाध्यता रहेको उनको भनाइ छ । चामल नभएपछि अधिकांश गोदाममा ताल्चा लगाइएको छ । सदरमुकाम बाहिरका डिपो तथा बिक्री केन्द्रमा कर्मचारी नबस्ने र चामल आएमा ठेकेदारले आफैँ बिक्री गर्दै आएका छन् ।

कर्मचारी अभावका कारण ढुवानीकर्ताले नै चामल बिक्री गर्छन् । कर्णालीका जाजरकोट, डोल्पा, हुम्ला, कालीकोट, मुगु र जुम्लामा खाद्यान्न अभाव छ । यी जिल्लामा उत्पादन हुने खाद्यान्नले वर्षभर खान नपुग्ने भएकाले बजार तथा कम्पनीको चामलको भरमा यहाँका सर्वसाधारण छन् । सरकारी तथ्याङ्कअनुसार कालीकोटमा वार्षिक २९ हजार सात सय ३९ मेट्रिकटन खाद्यान्न आवश्यक पर्दछ । यहाँ वार्षिक १७ हजार नौ सय ६४ मेट्रिकटन खाद्यान्न कमी छ । जाजरकोटमा दुई हजार ९७, डोल्पामा दुई हजार सात सय ८७, जुम्लामा सात हजार ३०, हुम्लामा आठ हजार दुई सय ७३ र मुगुमा पाँच हजार चार सय ४४ मेट्रिकटन खाद्यान्न अपुग हुने गरेको प्रदेशको भूमि व्यवस्था, कृषि तथा सहकारी विकास मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ । कर्णालीमा वार्षिक २३ हजार चार सय २० मेट्रिकटन खाद्यान्न अपुग रहँदै आएको मन्त्रालयले जनाएको छ । कर्णालीका रुकुमपश्चिम, सल्यान, सुर्खेत र दैलेखमात्र खाद्यान्नमा आत्मनिर्भर छन् ।

रुकुम पश्चिमले आवश्यकता परिपूर्ति गरेर वार्षिक चार हजार एक सय मेट्रिकटन खाद्यान्न सञ्चित गर्दै आएको छ । सबैभन्दा बढी खाद्यान्न सञ्चित सल्यानले गर्दछ, जहाँ वार्षिक १३ हजार नौ सय ९६ मेट्रिकटन सञ्चित हुने गर्दछ । अहिले सुर्खेतमा समेत अरुवा मोटो चामल नहुँदा समस्या भएको छ । सुर्खेतमा ७७ हजार छ सय ६० मेट्रिकटन खाद्यान्न आवश्यक हुन्छ भने त्यसमध्ये ७८ हजार सात सय ३४ मेट्रिकटन उत्पादन गरेर एक हजार ७४ मेट्रिकटन भण्डार गर्दै आएको छ । बाँकी जिल्लामा भने स्थानीय उत्पादनले वर्षभर खान पुग्दैन ।

कर्णालीमा १६ डिपो छन् भने बिक्री केन्द्रको सङ्ख्या २६ छ । जाजरकोटमा सदरमुकामसहित पाँच डिपो र चार वटा बिक्री केन्द्र छन् । दैलेखका तीन ठाउँमा बिक्री केन्द्र र एक डिपो छ । कालीकोटमा चार डिपो र एक बिक्री केन्द्र छ । जुम्लामा तीन वटा डिपो, मुगुमा चार डिपो र दुई बिक्री केन्द्र छन् । डोल्पामा चार डिपो र चार वटा बिक्री केन्द्र छन् । हुम्लामा तीन डिपो र छ वटा बिक्री केन्द्र स्थापना भएका छन् । रुकुम पश्चिममा दुई डिपो र एक बिक्री केन्द्र रहेको प्रदेश कार्यालयले जनाएको छ । कर्णालीका छ जिल्लामा अनुदानको चामल ढुवानी गर्दा रु आठ करोड १४ लाख ५२ हजार एक सय ३५ लाग्छ । कर्णालीमा खरिदभन्दा ढुवानीमा खर्च बढी हुने गरेको छ ।

हुम्ला र मुगुमा हवाई मार्गबाट समेत ढुवानी हुँदै आएको छ । कर्णालीको हुम्लामा अझैसम्म सडक सञ्जाल नजोडिएका कारण त्यहाँ खाद्यान्न ढुवानी गर्न समस्या हुन्छ । उपल्लो डोल्पामा छ वर्षदेखि एक गेडा चामल ढुवानी भएको छैन ।

# बलात्कार आरोपमा माओवादीका तत्कालीन डिभिजन कमाण्डर पक्राउ



किशोरी बलात्कारको अभियोगमा तत्कालीन नेकपा माओवादीका पूर्वलडाकु कमाण्डर पक्राउ परेका छन् । मकवानपुरकी १३ वर्षीया किशोरीलाई बलात्कार गरेको अभियोगमा पूर्वमाओवादी लडाकु कमाण्डर हरि श्रेष्ठ पक्राउ परेका हुन् । बलात्कार अभियोगमा पक्राउ पर्नेमा सिन्धुलीको मरिन गाउँपालिका ७ का हरि श्रेष्ठ रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डीएसपी लक्ष्मी भण्डारीले बताए । उनका अनुसार गत मंसिर दोस्रो सातातिर बलात्कार भएको भन्ने उजुरी दर्ता भएको छ । उजुरीका आधारमा श्रेष्ठलाई पक्राउ गरी जिल्ला अदालत मकवानपुरबाट पहिलोपटक म्याद थपेर अनुसन्धान भइरहेको छ । जनयुद्धकालमा प्रमोद नामले चिनिने श्रेष्ठ माओवादी जनमुक्ति सेनाको दोस्रो डिभिजन कमाण्डर थिए । उनी शान्ति प्रक्रिया अघि बढेपछि माओवादी लडाकुलाई राखिएको दुधौली शिविरमा थिए ।







मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन